जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ।
- सावधानीपूर्वक सवारीसाधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेरमात्र सवारीसाधन चलाऔं।
- सवारीसाधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शङ्का लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं।
- आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ २१ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 04 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५८

## जरायो प्रकरणमा दुईजना प्रदेशसभा सदस्य, गापाका पूर्वअध्यक्षसहित ४९ जनामाथि निकुञ्जले सजाय तोक्यो

प्रस, वीरगंज, २० माघ/

जरायो प्रकरणमा पर्सा राष्ट्रिय निकुञ्जको कार्यालयले पर्सा र वाग्मतीका दुईजना प्रदेशसभा सदस्य, गापाका पूर्वअध्यक्षसहित ४९ जनालाई कसूरवार ठहर गर्दै सजाय तोकेको छ ।

गत माघ ४ गतेका दिन पर्सा राष्ट्रिय निकुञ्जको जमुनिया खोला क्षेत्रको निकुञ्ज क्षेत्रमा प्रवेश गरी वन्यजन्तु शिकार गरेको र सो कसूरमा अनुसन्धानपछि दुईजना प्रदेशसभा सदस्य र सखुवाप्रसौनी गाउँपालिकाका पूर्वअध्यक्षसहित ४९ जनालाई कसूरदार ठहर गर्दै सजाय गर्ने निर्णय भएको निकुञ्जका सूचना अधिकारी सूर्य खड्काले शुक्रवार बताएका छन् ।

उनले जरायो प्रकरणमा मधेस प्रदेशसभा सदस्य प्रमोदकुमार जयसवाल, वाग्मती प्रदेशसभा सदस्य श्यामबहादुर खड्का, सखुवाप्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीपकुमार जयसवाल र सञ्जीव शाहीलाई वनजन्यु चोरी शिकारी घटनामा मतियार रहेको ठहर गर्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ बमोजिम सजायको निर्णय भएको सूचना अधिकारी खड्काले बताए ।



तस्वीरः फाइल

यसै घटनामा पक्राउ परेका झापसदास थारू, नवराज बस्नेत, दामोदर अधिकारी, विशाल (लक्ष्मण) सहनी, म्लाङदोङ तामाङ र यसै घटनामा अनुसन्धानपछि पक्राउ परेका सुलन मियाँ अन्सारी, भोलाबहादुर पुनमगरसमेतलाई वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (३) बमोजिम कसूरवार ठहर गरिएको छ ।

फरार प्रतिवादीहरू कुमार लामा, विकास सहनी र उपेन्द्र यादवको हकमा पनि यही दफा अन्तर्गत कसूरवार ठहर गरिएको र पक्राउ परेको खण्डमा सोही बमोजिम सजायको निर्णय गरिएको सूचना अधिकारी खड्काले बताए ।

यो घटनामा बरामद दसी प्रमाण, निजहरूको बयान, घटना विवरण, कागज, नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरोबाट प्राप्त अनुसन्धान प्रतिवेदन, विधिविज्ञान प्रयोगशाला खुमलटार ललितपुरबाट प्राप्त प्रतिवेदन तथा जिल्ला सहकारी वकीलको कार्यालय, वीरगंजबाट ४९ जना व्यक्तिलाई माघ १६ गते प्रतिवादी कायम गरिएको र माघ १७ गते निजहरूविरुद्ध निकुञ्जको कार्यालयमा मुद्दा दायर भएको हो ।

दायर मुद्दामा पक्राउ परेका प्रतिवादी आठजनालाई सजाय गरिएको उनले बताए ।

यसै घटनामा तारेखमा राखेर अनुसन्धान गरिएका प्रदेशसभा सदस्य जयसवाल, खड्का, पूर्वगापा अध्यक्ष जयसवाल, प्रकाश केसी, सञ्जीव शाहीलाई पनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा

(बाँकी अन्तिम पातामा)

## मालपोतका चारजना कर्मचारीसहित ६ जनाविरुद्ध विशेषमा मुद्दा

प्रस, वीरगंज, २० माघ/

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शुक्रवार भूमिसुधार तथा मालपोत कार्यालय पर्साका चारजना कर्मचारीसहित ६ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

आयोगले युवा स्पोर्ट्स क्लबको नाममा रहेको साबिक बेल्वा गाविस–८ को एक रोपनी पाँच आना जग्गा शेख सफी अहमदको नाममा दर्ता गराएको कसूरमा ६ जनाविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

भूमि सुधार तथा मालपोत कार्यालय पर्साका तत्कालीन कार्यालय प्रमुख कमोद तिवारी, नायब सुब्बा शम्भु साह रौनियार, खरदार शिवप्रसाद तेली र रिन्ताकुमारी साह तथा अहमद र निजका छोरासमेत गरी ६ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचारविरुद्ध मुद्दा दायर भएको छ ।

मालपोत कार्यालय पर्साका तत्कालीन प्रमुख तिवारी, नायब सुब्बा रौनियार, खरदार तेली र रिन्ताकुमारी साहको संलग्नतामा सो जग्गा अहमदले आफ्नो नाममा पार्न सफल भएको बताइएको छ। नायब सुब्बा रौनियारले टिप्पणी उठाएका थिए र त्यसलाई प्रमुख तिवारीले सदर गरेका थिए ।

खरदार तेलीले मोठ भिडाएका थिए भने रिन्ताकुमारी साह तामेली फाँटमा थिइन् र उनले कागजात लुकाएको आरोप



छ ।

प्रमुख तिवारी, नायब सुब्बा रौनियार हाल मालपोत कार्यालयमा कार्यरत छन् भने खरदार तेली र रिन्ताकुमारी साह जिल्ला हुलाक कार्यालय पर्सामा कार्यरत छन्। विशेष अदालतमा मुद्दा दर्ता भएसँगै शुक्रवार दिउँसो ३ बजेदेखि उनीहरू निलम्बनमा परेका छन् ।

## वर्तमान संविधानले देशमा कुनै दलको बहुमत नआउने आजपा नेता प्रभु साहको दाबी

प्रस, गरुडा, २० माघ/

आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले संविधानको वर्तमान व्यवस्थाले कुनै पनि दलको बहुमत नआउने बताएका छन् । जब कुनै दलको बहुमत आउँदैन तब देशमा स्थिरता नआउने तथा स्थिरताको अभावमा विकास तथा समृद्धि नआउने उनले बताएका छन् ।

आम जनता पार्टी (आजपा) को रौतहट जिल्लास्तरीय भेलालाई गरुडामा शुक्रवार सम्बोधन गर्दै पार्टी अध्यक्ष साहले

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

## ३२ जना महिलासहित १०५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २० माघ/

हरि खेतान बहुमुखी क्याम्पसमा शुक्रवार सम्पन्न रक्तदान कार्यक्रममा ३२ जना महिलासहित १०५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।


तस्वीरः प्रतीक

प्रिया यादव, सुमानी चौधरी, अञ्जु महतो, अरविन्द पटेल, विकाश साह, अनिल महतो, अञ्जली गुप्ता, रुबि पासवान, विवेक पण्डित, रोशनराज गिरी, जवाद हुसेन, दीपु शर्मा, सुदीप साह, सोम्या चौधरी, सुरुचि पटेल, अञ्जली साह, मोबिन खातुन, ज्योति पटेल, रीतुकुमारी महतोलगायतले रक्तदान गरेका थिए ।

## अपग्रेडिङको काम सकियो, केही दिनमा विद्युत् नियमित हुने

धर्मेन्द्र चौरसिया, पोखरिया, २० माघ/

मङ्सिर २८ गतेदेखि अवरुद्ध पर्सा जिल्लाको विद्युत् अझै नियमितरूपमा सुचारु हुन केही दिन लाग्ने भएको छ। नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रका प्रमुख जगरनाथ झाले वीरगंज–पोखरिया ३३ केभिए र ११ केभिए लाइन अपग्रेडिङ कार्य सम्पन्न भएपनि विन्ध्यवासिनी गाउँपालिकाका दुई स्थानमा विवाद विद्यमान रहेका कारण विद्युत् नियमित हुन अझै तीन/चार दिन लाग्ने बताए।


तस्वीरः प्रतीक

उनले पहिलो चरणमा प्राधिकरणले मङ्सिर २८ गते सूचना प्रकाशित गरेर पुस १८ गतेसम्म वीरगंज सबस्टेशन अन्तर्गतका ६६, ३३ र ११ केभिएको विद्युत् लाइन तथा पोखरिया सबस्टेशन अन्तर्गतका ३३, ११ र सेढवा सबस्टेशनको ११ केभिए लाइन आवश्यकता अनुसार बिहान ८ देखि दिउँसो १ बजेसम्म सटडाउन हुन सक्ने सूचना प्रकाशित गरिएको तर समयमा कार्य सम्पन्न नहुँदा अहिले पुनः माघ २२ गतेसम्मको लागि सूचना प्रकाशित गरिएको बताए ।

उनले विन्ध्यवासिनी गापामा रहेको विवादलाई एक/दुई दिनभित्र प्रहरी परिचालन गरेर भएपनि सम्पन्न गराउने र तीन/चार दिनभित्र यस क्षेत्रको विद्युत् नियमित गर्ने बताए। अहिले अपग्रेडिङको काम भइरहेका कारण वीरगंज महानगरपालिकाका दुईवटा वडाबाहेक तीसवटा वडा र १३ वटा पालिकाको विद्युत् लाइन अवरुद्ध हुँदै आएको छ। बिहान ८ देखि दिउँसो १ बजेसम्म प्राधिकरणले विद्युत् अवरुद्ध हुने सूचना जारी गरे पनि दिउँसो ३ देखि अपराह्न ४ बजेसम्म विद्युत् अवरुद्ध हुने गरेको ग्रामीण क्षेत्रका बासिन्दाले बताए । उनीहरूले विद्युत् नियमित नहुँदा मङ्सिरदेखि मोबाइल रिचार्ज, कुटानी–पिसानी, विद्यालयको पठनपाठन, वित्तीय कारोबार तथा गाउँपालिका, वडापालिकाको सेवा प्रभावित भएको बताएका छन् ।

कतिपय गापा र वित्तीय संस्थाले यो अवधिमा जेनेरेटर, इन्भर्टर खरीद गरेर सेवाप्रवाह गरिरहेका छन् ।

विद्युत् लाइन तोकिएको समयमा सुचारु हुन नसक्दा पर्सा जिल्लाका १४ वटा पालिकामा समस्या बढ्दै गएको छ।

प्राधिकरणले पहिलो चरणमा मङ्सिर २८ देखि पुस १८ गतेसम्म, दोस्रो चरणमा पुस १९ देखि माघ १० गतेसम्म र तेस्रो चरणमा माघ ११ देखि माघ २२ गतेसम्म विद्युत् नियमित नहुने सूचना जारी गरिसकेको छ ।

## ठाराब र नर्सिङ क्याम्पसमा स्ववियु निर्वाचनको चहलपहल

प्रस, परवानीपुर, २० माघ/

ठाकुर राम बहुमुखी क्याम्पसमा स्ववियु चुनावी सरगर्मी बढेको छ । आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियनको चुनावी सरगर्मी बढेको हो ।

चुनावका लागि विद्यार्थी नेताहरूले पूर्वतयारी भइसकेको बताएका छन् । २०६४ साल अर्थात् १५ वर्षपछि ठाराब क्याम्पसमा विद्यार्थी युनियनको चुनाव भइरहेकोमा विद्यार्थीहरूमा खुशी छाएको छ ।



तस्वीरः प्रतीक

त्रिभुवन विश्वविद्यालय मातहतको उक्त क्याम्पसमा त्रिविको विद्यार्थी कल्याण तथा खेलकूद निर्देशनालयले गत पुस २२ गते पत्राचार गरी आगामी फागुन २७ गते उम्मेदवारी दर्ता र चैत ५ गते चुनाव गराउन क्याम्पस प्रशासनलाई पत्र पठाएपछि विद्यार्थी नेताहरू तयारीमा जुटेका हुन् ।

यसपालिको चुनावमा २०५१ फागुन २७ पछि जन्ममिति भएका विद्यार्थीहरूले उम्मेदवार हुन पाउनेछन्। उम्मेदवारको लागि २८ वर्षमुनि उमेरको हदम्याद छ भने मतदाताको लागि क्याम्पसमा भर्ना हुनुपर्ने व्यवस्था छ। यसपालिको चुनावमा नेपाली काङ्ग्रेसनिकट नेविसङ्घ, एमालेनिकट अनेरास्ववियु, माओवादीनिकट अखिल क्रान्तिकारी, जसपानिकट समाजवादी विद्यार्थी युनियन, लोसपानिकट लोकतान्त्रिक विद्यार्थी सङ्घ, जनमत पार्टीनिकट विद्यार्थी जनमत सङ्घलगायत राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टीसमेतको उम्मेदवार उठ्ने चर्चा छ।

त्रिविको स्ववियु निर्वाचन विधान अनुसार दुई हजारभन्दा बढी विद्यार्थी भएका क्याम्पसमा प्रत्यक्षतर्फ सभापति, सचिव, कोषाध्यक्ष र आठजना सदस्य गरी ११ जना सदस्यको चुनाव हुन्छ भने दशजना कार्यसमिति समानुपातिकतर्फ मनोनीत हुन्छन्। त्यसैगरी, त्रिविको अर्को आङ्गिक क्याम्पस वीरगंज नर्सिङ क्याम्पसमा पनि स्ववियु निर्वाचनको चहलपहल शुरू भएको छ ।

## विचारसार र सूक्तिहरू

यशस्वी मानिस आफ्नो महान् धन– यशको रक्षा गर्छन् ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.eprateekdaily.com


# सिमसार क्षेत्र संरक्षण

हरेक वर्ष फेब्रुअरी २ तारिखको दिन मनाइने विश्व सिमसार दिवस यस वर्ष पनि मनाइयो । बिहीवार मनाइएको सिमसार दिवसको मुख्य नारा 'आजको आवश्यकता सिमसार क्षेत्रको पुनर्स्थापना' भन्ने थियो । सोही सङ्कल्पका साथ अन्यत्रजस्तै हाम्रो मुलुकमा पनि विभिन्न कार्यक्रम सम्पन्न गरी दिवस मनाइयो । प्राकृतिक अथवा कृत्रिम, स्थायी वा अस्थायीरूपमा पानीले ढाकेको, पानी बग्ने वा झरनाका रूपमा खसेर बनेको दलदल, धाप, जरुवा क्षेत्र वा नुनिलो तथा क्षारयुक्त पानी रहेको भूभागलाई सिमसार क्षेत्र भनेर बुझ्छौं । हाम्रो मुलुकको राष्ट्रिय सिमसार नीति २०६९ ले पनि 'सिमसार भनेको पानी जमेको वा बगेको, स्थायी वा अस्थायी, प्राकृतिक वा कृत्रिमरूपमा बनेको दलदल क्षेत्र' भनेको छ । हाम्रो मुलुकमा विगतको तुलनामा यो क्षेत्र क्रमशः घट्दो छ । यस वर्ष तय गरेको नाराले पनि उक्त कुराको पुष्टि गरेको छ । सिमसार क्षेत्रको संरक्षण, जलवायु परिवर्तन नियन्त्रण तथा जैविक विविधता संरक्षणका लागि अति नै महत्त्वपूर्ण मानिन्छ । नेपाल सन् १९८७ देखि रामसार महासन्धिको पक्ष राष्ट्र बनेको हो । रामसार महासन्धिले अन्तर्राष्ट्रिय महत्त्व बोकेका, संवेदनशील, सङ्कटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारिस्थितिकीय समुदायलाई आश्रय प्रदान गर्ने सिमसारहरूलाई रामसारको सूचीमा सूचीकृत गर्ने गरेको छ ।

नेपालमा ६०,६६१ हेक्टर क्षेत्र सिमसारले ओगटेको छ । यो मुलुकको कुल भूभागको करीब पाँच प्रतिशत हो । विश्व संरक्षण सङ्घ नेपालद्वारा प्रकाशित एक तथ्याङ्क अनुसार नेपालको तराई क्षेत्रमा १६३ सिमसार छ भने ७९ सिमसार हिमालमा र पहाडमा छ । सोमध्ये जम्मा १० वटा क्षेत्रलाई सरकारले सिमसार क्षेत्रमा सूचीकृत गरेको छ । मुलुकका सिमसारहरूमा ८० प्रजातिका घस्रने वन्यजन्तुहरूको बसोवास छ । सिमसारको संरक्षण गर्न सके यी वन्यजन्तुहरूको पनि संरक्षण गर्न सकिने छ । सिमसार क्षेत्र आफैंमा रसिलो भूमि हो । यसको मुख्य दुई विशेषता भनेको पानी र जमीन मौजुद रहनु हो । सिमसारलाई सबैभन्दा बढी उत्पादनशील पारिस्थितिकीय प्रणाली मानिन्छ । यसले भूक्षय न्यूनीकरण, पानी शुद्धीकरण एवं भण्डारण, बाढीको पानी सङ्कलन एवं रोकथाम र खोलाको पानीको बहाव नियन्त्रण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । वातावरण सन्तुलनमा यस क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ । सिमसारबाट पर्यापर्यटनको विकासमा यथेष्ट योगदान पुग्छ । सिमसारलाई प्रकृति तथा मानव दुवैबाट क्षति पुगेको छ । पहाड र हिमाल क्षेत्रका सिमसार क्षेत्रलाई भूकम्प र पहिरोले नोक्सानी पुऱ्याउने तथा तराईमा बाढी र मानवीय अतिक्रमणले नष्ट गरेको छ ।

पछिल्ला दिनहरूमा सिमसार क्षेत्रको अस्तित्व सङ्कटमा पर्दै गएको छ । संरक्षणको अभावमा सिमसार क्षेत्र मासिंदै गएका छन् । सिमसार क्षेत्रहरू कसैको खेत, घडेरी र कतै माछापालन त कतै डम्पिङ साइटमा परिणत भइरहेका छन् । वन विनाश, अत्यधिक चरिचरन, जडीबुटी सङ्कलन तथा दोहन गर्ने प्रवृत्ति बढेको छ । त्यसैगरी पानीको अधिकतम र अवैज्ञानिक प्रयोग तथा बढ्दो प्रदूषणले यो क्षेत्र मासिंदै छ । यसले जैविक विविधतामा ह्रास आउन थालेको छ । भूमि अतिक्रमणका कारण यहाँका केही सिमसार क्षेत्र मासिइसके । वन विनाश बढ्दै गएको कारण सृजित भू–क्षयबाट सिमसार संरक्षणका लागि ठूलो चुनौती थपेको छ । योबाहेक प्रत्येक वर्ष आउने बाढी पहिरोले केही सिमसार क्षेत्रको विनाश हुँदा आश्रित पक्षी तथा वन्यजन्तुहरूको वासस्थान अभाव हुँदै गएको छ । बाढी–पहिरो तथा अन्यान्य प्राकृतिक प्रकोपले पुऱ्याउने असर पनि मानवीय गतिविधिमा निर्भर छ । यसर्थ सिमसारको पनि संरक्षणका लागि [redacted]रेक सचेतना जरूरी छ ।

# दुई दिने नयाँ राष्ट्रिय सामाजिक पर्व– सङ्कल्प पर्व

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी

baidhnath2071@gmail.com

**समाजमा सबै क्षेत्र नाफा–नोक्सान हुने व्यापारझैं भएका छन् । सेवा र सहयोगको भावना न्यून वा केवल गफ, अर्ती, उपदेश आदिमा मात्र सीमित हुन पुगेका छन् । यस्तोमा सम्पूर्ण नेपाली समाजलाई जोड्ने एउटा राष्ट्रिय पर्वको आवश्यकता सर्वत्र महसूस हुनु स्वाभाविक हो ।**

प्रकृतिमा सबै कुरालाई मानिसको हितसँग जोडेर हेर्ने प्रचलन हजारौं वर्षदेखि रहँदै आएको छ । यस प्रकारको चिन्तन प्रणालीले गर्दा सम्पूर्ण संसार केवल मानवको लागि मात्र हो भन्ने भाष्य स्थापित गरेको छ, जुन कि ठीक होइन । पृथ्वी ८७ लाख प्रजातिका जीवहरूको साझा घर हो । त्यसैले मानिसद्वारा उठाइएका प्रत्येक कदमले आफ्नो हित मात्र होइन कि सम्पूर्ण जीवको हितलाई प्रमुखतामा राख्नुपर्ने हो । तर आजसम्मको मानव व्यवहार केवल मानवहितमा मात्रै केन्द्रित भएको देखिन्छ, जुन कि ठीक होइन ।

ठीक त्यसैगरी मानव समाजमा जङ्गली युग समाप्त भएपछि आजसम्मको अवस्थामा आइपुग्दा अल्पसङ्ख्यक शासकहरू बहुसङ्ख्यक शोषितपीडित जसलाई तिनै राज्यसत्ताको माध्यमबाट अनेकौं प्रकारका मिथकहरूको (राज्य, सम्पत्ति, पैसा, कानून, धर्म, भाग्य, स्वर्ग, नर्क, मन्त्र, भूतप्रेत, भगवान् आदि) सिर्जना गरी आफ्नो सुखभोगको लागि मानसिक तथा शारीरिक दुवै प्रकारले कज्याउँदै आएका छन् । यस क्रममा शासकहरूले पुण्यात्माहरूले सुखभोग गर्छन् र पापात्माहरूले दुःखै–दुःख मात्र भोग्ने गर्छन् र कर्मको आधारमा ईश्वरले सबैको भाग्य लेख्छन् जस्ता भाष्यहरूमा बहुसङ्ख्यक नागरिकहरूलाई जोत्दै आएका छन् ।

विकास भनेकै कुनै पनि काम कुरो प्रतिक्षण राम्रो, सकारात्मक तथा व्यापकरूपमा जनमुखी हुँदै जानु हो । यदि यसको ठीकविपरीत कुनै पनि काम कुरो खराब, नकारात्मक तथा साँघुरो घेराभित्र मुठीभरिको हितको लागि व्यापक जनविरोधी हुँदै गएको छ भने त्यो विनाश हो । विकास र विनाशको बारेमा यो मान्यता शतप्रतिशत वैज्ञानिक र भौतिकवादी हो ।

संसारको प्रत्येक समाजको आफ्नै मौलिक सभ्यता, संस्कार र संस्कृति रहँदै आएको छ । यसको अपवाद कुनै पनि समाज छैन र हुन पनि सक्दैन । तर हामीले विचार गर्नुपर्ने कुरा यो छ कि विभेदले बनेको समाजभित्र सभ्यताहरू, संस्कृतिहरू र संस्कारहरूसमेत विभेदपूर्ण हुन्छन् अर्थात् वर्गीय समाजमा संस्कृति र संस्कार पनि वर्गीय नै हुन्छन् ।

यस अर्थमा कुनै पनि समाजभित्र रहेका वर्गहरूको वर्गहितलाई रक्षा गर्ने, संवर्धन गर्ने र अगाडि बढाउने कुरामा प्रत्येक समाजभित्र रहेका संस्कृति र संस्कारहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेको हामी सजिलै देख्न सक्छौं । जस्तो कि हामीलाई थाहा छ कुनै पनि सामाजिक परिवर्तन कसैले पनि रोकेर रोकिंदैन । यो निरन्तर चलिरहन्छ । समाजभित्र भइरहने उत्पादन प्रणालीभित्रका उत्पादक शक्ति र उत्पादन सम्बन्धबीचको बदलावले क्रमशः प्रत्येक समाजको सम्पूर्ण कुरा निरन्तर परिवर्तन गरिरहन्छ । यस परिप्रेक्ष्यमा नेपाली समाज पनि क्रमशः परिवर्तनको दिशामा अगाडि बढिरहेको हामी पाउँछौं ।

यतिबेला नेपाली समाज सामन्तवादबाट पूँजीवादमा रूपान्तरण भइसकेको छ साथै पूँजीवादको चौथो चरण दलाल पूँजीवादको वर्तमान अवस्थाभित्र वैज्ञानिक समाजवादको समेत बीजारोपण भइसकेको छ । दलाल पूँजीवादले गर्दा देशभरिको उत्पादन कार्य लगभग ठप्प भइसकेको छ । सम्पूर्ण क्षेत्रमा बाहिरबाट तयारी वस्तु मगाएर देशभित्रको मागलाई दशकौंदेखि सम्बोधन गर्दै आइरहेको हामी प्रत्यक्षरूपमैं अनुभव गरिरहेका छौं । फलस्वरूप समाजभित्र हिजोको राष्ट्रिय पूँजीपति समाप्त भइसकेको तथा समाजमा बिचौलिया र कमिशनको धन्दा मात्रै फस्टाइरहेको छ । दलाल पूँजीवादी व्यवस्थाका दलालहरूको हामी चारैतिर चकचकी देखिरहेका छौं । राज्यको तलदेखि माथिसम्म केवल कमिशनको खेती मात्रै गरिएको छ । दलाल पूँजीवादको उर्वर भूमिमा कमिशनको बिरुवा लहलहाइरहेका छन् । एकचोटि संसद्मा वा सत्तामा पुगेपछि पुस्तौंसम्म धन जोड्न लगभग सबैले भ्याएका छन् । पूँजीवादी संस्कृति जन्मदिन, गुलाब दिन, रोमान्स दिनलगायतका थुप्रै संस्कारले हाम्रो पुरानो सामन्ती संस्कारलाई क्वाप्पै निलेको छ । पूँजीवादी शिक्षाले हाम्रो दिमाग विकृत गरेको छ । समाजमा सबै क्षेत्र नाफा–नोक्सान हुने व्यापारझैं भएका छन् । सेवा र सहयोगको भावना न्यून वा केवल गफ, अर्ती, उपदेश आदिमा मात्र सीमित हुन पुगेका छन् । यस्तोमा सम्पूर्ण नेपाली समाजलाई जोड्ने एउटा राष्ट्रिय पर्वको आवश्यकता सर्वत्र महसूस हुनु स्वाभाविक हो ।

प्रकृतिमा सबै कुरा परिवर्तनशील छ । चाहे त्यो भौतिक होस् वा मानसिक । भौतिक पदार्थमैं चेतना अस्तित्ववान् रहने हुनाले भौतिकजगत्को रूपान्तरण हुने बित्तिकै चेतना पनि प्रभावित हुन थाल्छ । भौतिक परिवर्तनले ढिलोचाँडो चेतनालाई पनि परिवर्तन हुन कर लगाउँछ । गर्मी महीनामा हलुका तथा सजिलै हावा छिर्ने कपडा लगाउने इच्छा (चेतना) उत्पन्न गर्दछ भने जाडो महीनामा हावा नछिर्ने न्यानो लुगा लगाउने चेतना दिमागमा उत्पन्न हुन्छ ।

त्यसैगरी, सामन्ती अर्थतन्त्रले सामन्ती संस्कार र संस्कृति जन्माउँछ भने पूँजीवादी अर्थतन्त्रले पूँजीवादी संस्कार र संस्कृति जन्माउँछ । समाज विज्ञानको यो नियम थाहा नभएपछि मानिसलाई लाग्छ, हाम्रो पुरानो संस्कार र संस्कृति समाप्त हुँदैछ वा भयो । सामाजिक परिवर्तनको ज्ञानको अभावमा यस्तो बुझाइ स्वाभाविक नै हो ।

यतिबेला हाम्रो नेपाली समाज दलाल पूँजीवादी व्यवस्थाबाट वैज्ञानिक समाजवादी अवस्थामा जाँदैछ । खास भन्ने हो भने दलाल पूँजीवादी अर्थप्रणालीभित्रै वैज्ञानिक समाजवादी अर्थप्रणालीको भ्रूण जन्मिसकेको छ । यस अर्थमा दलाल पूँजीवादी संस्कार र संस्कृतिको ठाउँमा वैज्ञानिक समाजवादी संस्कार र संस्कृतिहरू जन्मनुपर्ने सामाजिक बाध्यता रहेको छ । सुरुआतमा नयाँ संस्कार र संस्कृतिहरू पार्टीविशेष वा समूहविशेषको विशेषताको रूपमा देखिन्छन् तर बिस्तारै सम्पूर्ण समाजको आर्थिक ढाँचा फेरिएपछि संस्कृति पनि सम्पूर्ण समाजको बन्न पुग्छ । समाजमा संस्कृति जन्मिने, विकसित हुने र समाप्त हुने क्रम हजारौं वर्षदेखि यसैगरी चल्दै आएको छ । जङ्गली अवस्थाका संस्कार र संस्कृतिहरू हाम्रो समाजमा अहिले पाइँदैनन् । सामन्ती अवस्थाका संस्कृति र संस्कारहरू निसासिंदो अवस्थामा छ । पूँजीवादी अवस्थाका संस्कृति र संस्कारहरूको सट्टा अहिले वैज्ञानिक समाजवाद उन्मुख संस्कार र संस्कृतिहरू जन्मिएको अनुभूति हुन थालेका छन् । हुनत सामूहिक बसाइ, सामूहिक भोजन, सामूहिक आवास, सामूहिक शिक्षा, सामूहिक श्रम आदिको अभ्यास नेपाली समाजमा कम्युनिस्टहरूले विगत लामो समयदेखि गर्दै आएका छन् । चाहे त्यो चितवन जिल्लाको दिवाकर बालग्राम होस् वा रोल्पाको जलजला होस् अथवा बर्दिवासको आधारशिला होस् वा अर्घाखाँचीको एकीकृत जनकम्युन । यी सबैको अवस्था त्यति धेरै आशावादी रहेको नदेखिनुका कारण सम्बन्धित पार्टीको आफ्नो छुट्टै वैज्ञानिक समाजवादी अर्थतन्त्र नहुनु नै हो । २००६ सालमा नै नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भए तापनि देशमा इमानदार कम्युनिस्ट नेता र पार्टी दिउँसै टुकी बालेर खोज्नुपर्ने यथार्थ हामी सबैको सामु स्पष्ट नै छ । आफूलाई निखर कम्युनिस्ट पार्टी बताउने, अझै कम्युनिस्ट पार्टीको मूलधार बताउने नेकपा एमाले र नेकपा माओवादी केन्द्र जस्ता दक्षिणपन्थी संसद्वादी कम्युनिस्ट पार्टीहरूले गर्दा वास्तविक कम्युनिस्ट पार्टी र आन्दोलन दुवै बदनाम भएका छन् । नेपाली जनताको बीचमा सशस्त्र तथा शान्तिपूर्ण दुवै प्रकारका आन्दोलन र विद्रोह भइसकेका छन् तर आजसम्म मुक्ति नपाउने कारण केवल राजनीतिक लडाइँले मात्रै वास्तवमा परिवर्तनको अनुभूति भएन । यसर्थ अब खाँचो छ परिवर्तनको लागि एकैचोटिमा राजनीतिक, आर्थिक तथा सांस्कृतिक परिवर्तनको कोर्समा अगाडि बढ्नुपर्ने । क्रान्तिको यही वास्तविकतालाई पक्रेर वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल अगाडि बढिरहेको छ । नेपालमा कम्युनिस्ट समर्थक जनता अत्यधिक भएपनि दक्षिणपन्थी भासमा भासिएका संसद्वादी कम्युनिस्टहरूले गर्दा आशाभन्दा पनि निराशा नै जनस्तरमा बढ्दै गइरहेको सजिलै देख्न सकिन्छ । देशको यस्तो वस्तुगत परिस्थितिले वास्तविक अर्थमा कम्युनिस्ट पार्टीको माग गर्दछ । यही मागलाई पूरा गर्न गएको चैत महीनामा वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल गठन भएको कुरा सर्वविदितै छ । यतिबेला त्यही पार्टीले आजसम्म नेपालमा भएका सम्पूर्ण आन्दोलन, सङ्घर्ष चाहे त्यो शान्तिपूर्ण होस् वा सशस्त्र, राणाशासनविरोधी होस् वा पञ्चायतविरोधी, दश वर्षे जनयुद्ध होस् वा सङ्घीयताको लागि भएको मधेस आन्दोलन । आजसम्म नेपालमा भएका सबै प्रकारका सङ्घर्ष र त्यसमा भएको शहादत सबैको गहिरो स्मरण गर्दै सबै प्रकारका विभेदबाट मुक्त हुन साथै वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्न दृढ सङ्कल्प गर्ने दिनको रूपमा सबैलाई एकमुस्ट सम्बोधन गर्नेगरी राष्ट्रिय पर्वको रूपमा मनाउने भनेर माघ मसान्त (२९ गते) र फागुन १ गते गरी दुई दिन सङ्कल्प पर्वको रूपमा भव्यतापूर्वक मनाउने घोषणा गरेको छ ।

यसमा माघ मसान्तको दिन (२९ गते) वैचारिक, राजनीतिक, सामाजिक कार्यक्रमहरू आयोजना गरिनेछन् । सामूहिक खानपिन, खेलकूद, साहित्यिक सिर्जना, नाचगान, वादविवाद, गोष्ठीलगायतका कार्यक्रमहरू आयोजना गरिनेछन् भने फागुन १ गते आफ्नो घरपरिवारले आफ्नो इष्टमित्र, करकुटुम्ब, नातागोता, आफन्त सबैलाई निम्तो गरी नाचगान तथा खानपानका साथ रमाइलो पर्वको रूपमा मनाउनेछन् ।

# बलि दिन भारत पुऱ्याइएकी बालिकाको उद्धार

काठमाडौं, २० माघ/रासस

बलि दिन भारत पुऱ्याइएकी १६ वर्षे नेपाली बालिकाको उद्धार गरिएको छ । मानव बेचबिखन अनुसन्धान ब्युरोको पहलमा भारतको दिल्लीस्थित मङ्गलबजार गल्लीबाट मङ्गलवार उद्धार गरिएको हो । उद्धारपछि बालिकालाई एक सामाजिक संस्थाको जिम्मेवारीमा राखिएको छ ।

ब्युरोले पत्रकार सम्मेलन गरी बालिकाको उद्धारबारे जानकारी दिएको हो । "बालिकालाई तान्त्रिक बाबासँग भेटाई तान्त्रिक बाबा खुशी भएमा अथाह पैसा पाउने भनिएको रहेछ । भारत लानु अघि बालिकाको तौल, उचाइ, शरीरमा दाग, टाटु र रजस्वला भए नभएको परीक्षण गरिएको रहेछ"–ब्युरो निर्देशक प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले भने ।

उनका अनुसार बालिकालाई भारत लानु अघि र लगेपछि दुईपटक शारीरिक परीक्षण गरिएको थियो ।

साठी केजी तौल भएको, कम्तीमा उचाइ पाँच फिट चार इन्चभन्दा माथि भएको, शरीरमा कुनै प्रकारको दाग वा टाटु, कुनै अङ्गमा चोटपटक नभएको र रजस्वला नभएको बालिकाको खोजी हुने क्रममा उक्त बालिकालाई भेटाइएको अभियुक्तहरूले जानकारी दिएको प्रहरीको भनाइ छ ।

उनले थप भने–"प्रारम्भिक अनुसन्धान अनुसार अभियुक्तले बालिकालाई मुख्य तान्त्रिक बाबासँग केही दिनमा भेटाउने योजना बनाएको पाइएको छ । उनीहरूको आगामी पूर्णिमामा बालिकाको बलि चढाउने योजना रहेछ ।"

निर्देशक श्रेष्ठले बालिका भने यसबारे जानकार नभएको बताए । उनले भने–"हामी दुई महीनादेखि बालिकाको खोजी अनुसन्धानमा जुटेका थियौं । दुई दिन अघि पाएको सूचनाका आधारमा बालिकाको उद्धार गरिएको हो ।"

पीडित बालिकालाई मङ्सिर १७ गते मामाघरबाट काठमाडौं ल्याइएको थियो । पुस १९ सम्म काठमाडौंमा उनलाई बन्धक बनाइएको थियो ।

पुस २० गते बालिकालाई नेपाल–भारत सीमा सुनौली हुँदै दुई दिनमा भारतको दिल्लीस्थित पहाडगंज पुऱ्याइएको प्रहरीको भनाइ छ ।

भारत पुऱ्याएपछि भारतका विभिन्न तीन स्थानमा रहेका तान्त्रिक बाबासमक्ष विभिन्न मितिमा निज बालिकालाई लगिएको थियो ।

आमा र बाबुबीचको सम्बन्धमा खटपट भएको कारण बालिका मामाघर बस्दै आएकी थिइन् । ती बालिकालाई प्रलोभन देखाउनेमा बालिकाको नजीकका साथी र महिला संलग्न रहेको खुलेको छ ।

अहिले प्रहरीले यस घटनामा संलग्न छजनालाई पक्राउ गरी थप अनुसन्धान अघि बढाएको निर्देशक श्रेष्ठले जानकारी दिए । प्रहरीको तथ्याङ्क अनुसार नेपालका विभिन्न नाकाबाट बेचबिखन र ओसारपसार हुनबाट माघ महीनामा मात्र १८ जना महिलालाई विभिन्न देशबाट उद्धार गरिएको छ ।

पछिल्ला पाँच वर्षमा ३० जना बालिकालाई बेचबिखन तथा ओसारपसार हुनबाट उद्धार गरिएको प्रहरीको भनाइ छ । बेचबिखन तथा ओसारपसार हुनबाट बालिका, महिला, बालक र पुरुष गरी ४४३ जनाको उद्धार गरिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## काशी, वाराणसी र बनारस


स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


जाडोले उकुसमुकुस भइरहेको छ जनजीवन । यसैमा लेखपढ गर्नुपर्नेछ । कामको धपेडी छुट्टै छ। अनि विद्यालयमा चर्चा चल्न थाल्छ सरस्वती प्रतिमा किन्ने।

एकैछिनको बसाइमा शिक्षकहरूले आफूखुशी यति दिन्छु भन्दै एउटा कागजमा कबोल गरिहाल्छन् । तत्काल करीब पचहत्तर हजार आउने भयो । एक दुई बाँकी शिक्षकलाई फोन गरेर एक लाख रुपियाँको जोहो हुन्छ। तत्काल पैसा तिर्नुपर्दैन । कल्याण कोषबाट निकालेर दिने र पछि तलब आएपछि तिर्नुपर्ने सहुलियत हुन्छ।

मन्दिर तयार छ । रौतहटको गरुडास्थित श्री नमुना माध्यमिक विद्यालयमा सरस्वती मन्दिर तयार भइसकेको छ। गजुर र मूर्तिविना मन्दिर निष्प्राण देखिन्छ। सरस्वती पूजा आउनै लागेको छ र यस वर्ष जसरी पनि वसन्त पञ्चमीका दिन सरस्वती पूजा यही मन्दिरमा गर्नुपर्नेछ।



बनारसमा रिक्शाचालक घनश्याम दाससित स्तम्भकार।

छिमेकी गाउँ जिंगडियामा बनारसबाट सरस्वती प्रतिमा ल्याइएको छ। प्रतिमा निकै राम्रो छ। सर्वत्र प्रशंसा भइरहेको छ। यसैले मन्दिरमा सरस्वती प्रतिमा बनारसबाटै ल्याउँदा राम्रो हुने रायमा सबै शिक्षक एकमत छन् र मौजेलाल राय यादवको नेतृत्वमा बनारस जाने करीब तय हुन्छ।

मलाई पनि जान भन्छन् तर म बनारस नजाने बरु जयपुर जाने भए जान्छु भन्छु। जयपुर कहिल्यै नगएको ठाउँ हो, यसैकारण नयाँ ठाउँ डुल्न पाइन्छ भन्ने तर्क पनि गर्छु। बनारस यस अघि दुईपटक डुलिसकेको छु, यसकारण मलाई खासै रुचि छैन।

बिहीवारको दिन माघ १२ मा सरस्वती पूजा छ। आज ५ माघ हो। अहिले बिहानको करीब सवा छ बजेको छ । म आफ्नो साधना कक्षमा कम्प्युटरमा टाइप गरिरहेको छु एउटा आलेख । शनिवार प्रकाशित हुनुपर्नेछ प्रतीक दैनिकको वाटिकामा। किशुनदयाल श्रीकृष्णले ह्वाट्सएपमा फोन गर्छन् र फोन रिसिभ गर्दा अभिभादनसँगै देखिने दृश्य मेरै घर अगाडिको हो । बोली मोबाइलबाट पनि सुनिन्छ र बाहिरबाट पनि। घरैमा आएर फोन गरेका छन्।

यसको अर्थ म अब नगई हुन्न । ढोका खोल्छु र लिएर आउँछु। अब त जानैपर्ने भयो। किशुन सर बनारस जान तम्तयार भएर आएका छन् । भन्नुको तात्पर्य उनी झोलासोला बोकेर आएका छन् बनारसको लागि। सोधें–'गाडी कति बजेतिर छ ?'

'दश बजे ।'

अनि थप्छन् – म खाना यहीं खान्छु। यहींबाट खाना खाएर यात्रा गर्ने हो। मैले आग्रह गरें – मलाई छुट्टी चाहियो। आज मैले एउटा बैठक बोलाएको छु। कम्तीमा अध्यक्षज्यूलाई तपाईंले नै फोन गरेर मलाई छुट्टी मिलाइदिनुहोस्।

उनले फोन गरे र मलाई छुट्टी मिलाइदिए । यसरी विनापूर्वतयारी र जाने मनसाय नहुँदाहुँदै बनारसको यात्रामा सरिक हुन पुगें। हामी गरुडाबाट निस्कँदा दिउँसोको १२ बज्न केही मिनेट मात्र बाँकी थियो।

अगाडिको सिटमा मौजेलाल यादव सर हुनुहुन्छ, टोली नेता। बीचको लाइनमा चार सिटमा खाँदिएका छौं चारजना। स्कारपिओजस्तै देखिने गाडी छ, बिआर ३० पिए ४४४६ नम्बर। बाहिरबाट हेर्दा राम्रो तर भित्र भने साँघुरो । बीचमा बसेका हामी चारजनामध्ये देब्रेतिर छेउमा छन् मौजेलाल सरका नाति। हामी चार जनामा सबैभन्दा मोटो छ ऊ। दाहिनेतिर छेउमा छन् किशुनदयाल सर। उनी हुन् मौजेलाल सरको भतिजा। तीनैजनाको भनाइ छ कि शीशा छेउमा नबस्दा अप्ठ्यारो हुन्छ । अनि बीचमा म र गरुडा नगरपालिका–८ जिंगडियाका वडाध्यक्ष पञ्चसाहेब भन्ने वशिष्ट यादव।

उसो त बनारस राति साढे एघार बजे नै पुग्छौं तर लज खोज्दा पाएको दुःख र सम्भवतः हाम्रो गाडीको ड्राइभरले खान खोजेको कमिशनको चक्करले होटलमा वास बस्न निकै दुःख सहनुपर्‍यो। बनारस रेल्वे स्टेशनको छेउमा एउटा होटेलमा राति दुई बजे वास बस्न पुग्यौं।

बनारस आएपछि दर्शन त गर्नुपर्‍यो काशी विश्वनाथको। दर्शन गर्न सबैभन्दा

(बाँकी पाँचौं पातामा)

## दी अमेरिकन लाइफ (२०)


धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com


### स्वतन्त्र समाज

अमेरिकी समाज स्वतन्त्र समाज हो। अनावश्यक सामाजिक नियमभित्र रहेर अमेरिकीहरूले बाँच्नुपर्दैन। अमेरिकीहरूले अनेक विभेदकारी सामाजिक नियम पालना गर्नुभन्दा नियम र कानूनको पालना गर्छन्। अनुशासित भएर कडाइका साथ पालन गर्छन्।

युरोपका देशहरूसँग तुलना गर्ने हो भने युरोपका केही देशमा अमेरिकाभन्दा बढी स्वतन्त्रता छ। जर्मनी, निदरल्यान्ड्स, अस्ट्रिया, स्वीट्जरल्यान्ड, ग्रीस, हन्गेरी, लाटभिया र टर्की युरोपका त्यस्ता देश हुन् जहाँ यौन–व्यवसायलाई कानूनी मान्यता प्राप्त छ। निदरल्यान्ड्सको यौन–व्यवसाय त विश्वप्रसिद्ध नै छ । यौन–पर्यटनका लागि संसारभरिबाट बर्सेनि हजारौं पर्यटक निदरल्यान्ड्सको राजधानी शहर एम्सटरडम पुग्छन्। एम्सटरडममा यौन–व्यवसाय गृह सञ्चालित छन्। निदरल्यान्ड्सको समाज विश्वमैं अति उदार समाज हो।

अमेरिकी समाजमा यौन–व्यवसाय कानूनन निषेधित छ। सङ्घीय कानूनभन्दा पनि राज्यको कानूनले नै यौन–व्यवसायलाई अपराध मान्दछ। अमेरिकी शहरमा युवाहरूले सार्वजनिकरूपमा चुम्बन गरेको देखिंदैन।

राजनीतिक र सामाजिक व्यवहारको दृष्टिकोणले हेर्ने हो भने अमेरिकी समाज एक स्वतन्त्र र उन्मुक्त समाज हो। अमेरिकामा आफूलाई मन लागेको कुरा लेख्न, बोल्न र प्रकाशन गर्न पाइन्छ। सभा, सम्मेलन गर्न पाइन्छ। पक्ष वा विपक्षमा प्रदर्शन गर्न र जुलूस निकाल्न पाइन्छ।

अमेरिकाका युवा वा प्रौढहरूले अनेक किसिमका सामाजिक बाध्य सहेर बस्नुपर्दैन। कुनै युवकले आफूले मन पराएको युवतीसँग र कुनै युवतीले आफूले मन पराएको युवकसँग विवाह गर्न पाउने कानूनी व्यवस्था त छ नै, सामाजिक व्यवस्था पनि छ । यो कार्यको लागि समाजले पूर्णतया छुट दिएको छ । विवाहको सन्दर्भमा सम्प्रदाय, जात, धर्म, शिक्षा, रङ्ग, कुन देशको नागरिक, आर्थिक हैसियत तगारो बन्न आउँदैन।

आफूखुशी लुगा लगाउन, आफूखुशी खान बस्न र घुम्न कुनै नियन्त्रणको सामना गर्नुपर्दैन। विवाह नै नगरी महिला र पुरुष पत्नी र पतिझैं बस्न सक्छन्। सँगै बस्न विवाह नै गर्नुपर्छ भन्ने छैन। युवाहरूले पनि आफूले नै रोजेर आफ्नो लागि पत्नी वा पति रोज्ने चलन छ। छोरी वा छोराको लागि पति वा पत्नी मातापिताले खोजिदिने चलन अमेरिकामा छैन । यो चलन सयौं वर्ष पहिले अमेरिकाबाट हराइसकेको छ।

उच्च माध्यमिक शिक्षा समाप्त गरेपछि वा १८, २० वर्षको उमेर भएपछि, आफ्नो हिसाबले, स्वतन्त्र किसिमले बाँच्न अमेरिकी युवाहरूले मातापिता वा अभिभावकको गृह त्याग गर्छन् र आफ्नो छुट्टै गृहस्थी आरम्भ गर्छन्। आफ्नो जीवनका लागि आवश्यक पर्ने कार्यहरू गर्न स्वतन्त्र किसिमले निर्णय लिन्छन् । सन्तानले गरेको निर्णयमा मातापिताले हस्तक्षेप गर्दैनन्।

केही अपवादबाहेक हरेक युवाले आफ्नो लागि अध्ययन खर्च आफैं जुटाउँछन्। यो कारणले गर्दा कलिलो उमेरमैं युवाहरू जागिर गर्न बाध्य हुन्छन्।

मैले आफ्नो लागि बाँच्ने हो, अरूको लागि होइन भन्ने यही मान्यतामा अमेरिकीहरू बाँच्छन् र समाजका अनेक अनावश्यक नियमको बेवास्ता गर्छन् । यो मनोविज्ञानले गर्दा नै कुनै समयमा अमेरिकामा 'हिप्पी' संस्कृतिको विकास भएको थियो। हिप्पी संस्कृतिबारे अर्को आलेखमा चर्चा गर्नेछु।

अमेरिकी जीवनशैलीको सर्वाधिक ठूलो विशेषता के हो भने व्यक्तिहरूले अरूको विषयमा चासो राख्दैनन् । र आफ्नो विषयमा कसैले चासो राखेको मन पनि पराउँदैनन्।

## स्वास्थ्य प्रयोगशाला (१)


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


स्वास्थ्य क्षेत्रमा प्रयोगशाला महत्त्वपूर्ण मात्र होइन, अत्यावश्यक अङ्ग हो। किनभने स्वास्थ्य प्रयोगशालामा हुने परीक्षणले उपचार प्रक्रियालाई दिशानिर्देश गर्दछ। परीक्षण रिपोर्टको आधारमा चिकित्सकहरूलाई उचित चिकित्सकीय सेवाप्रवाह गर्न मदत पुर्‍याउँछ । प्रभावकारी स्वास्थ्य उपचारको लागि दक्ष जनशक्ति, उपकरण, संसाधन, औषधिसँगै स्वास्थ्य प्रयोगशालाको रिपोर्ट एकअर्काका परिपूरक हुन्।

स्वास्थ्य समस्या भएमा सर्वप्रथम बिरामी चिकित्सकको सम्पर्कमा आउँछन् । स्वास्थ्य समस्या बताउँछन् । चिकित्सकले बिरामीको मूल समस्या पत्ता लगाउनको लागि आवश्यक परीक्षणहेतु सिफारिश गर्छन् । तत्पश्चात् बिरामी स्वास्थ्य प्रयोगशालामा पुग्छन्। परीक्षण रिपोर्ट प्राप्त भएपछि पुनः चिकित्सककहाँ पुग्छन्। चिकित्सकले परीक्षण रिपोर्टको आधारमा आवश्यक उपचार प्रक्रिया तथा औषधि आदि सिफारिश गर्छन् । प्रयोगशालाले गरेको परीक्षणमा उपचार प्रक्रिया निहित हुने भएकोले स्वास्थ्य प्रयोगशाला स्वास्थ्य क्षेत्रको अति संवेदनशील अङ्ग मानिन्छ।

सरकारी र निजी दुईथरीका स्वास्थ्य प्रयोगशाला सेवा गरिरहेका पाइन्छन्। अन्य क्षेत्रसँगै स्वास्थ्य प्रयोगशालाहरूले पनि प्रचलित नियम कानूनको अधीनमा रही कार्यसम्पादन गर्नुपर्ने दायित्व छ। समयको गतिसँगै आवश्यकताअनुरूप विभिन्न कालखण्डमा ऐन कानून परिमार्जन हुँदै हाल स्वास्थ्य सेवा सञ्चालन मापदण्ड, २०७७ को परिच्छेद ८ अन्तर्गत प्रयोगशाला सञ्चालन मापदण्ड क्रियाशील छ। सरकारी र निजीलागयत सबै प्रकारका स्वास्थ्य प्रयोगशालाको नियमन गर्ने निकाय राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला हो । यसको अलावा प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा जिल्ला स्वास्थ्य कार्यालयहरूलाई तोकिएको अधिकार क्षेत्रभित्र रही कार्यसम्पादन गर्नुपर्ने अभिभारा छ।

आमनागरिकले स्वास्थ्य प्रयोगशालालाई जाँचघर वा जाँच केन्द्रको नामले सम्बोधन गर्ने गर्छन् । जाँचघर भन्नाले रगत, दिसा र पिसाब जाँच गर्ने केन्द्र हो भन्नेबाहेक यसको सञ्चालन अनुमति प्रदान गर्ने निकाय को हो ? नियमन गर्ने निकाय को हो ? स्वास्थ्य प्रयोगशाला कतिवटा वर्गमा वर्गीकृत छन् ? जाँचघरले पालना गर्नुपर्ने नियमहरू के के हुन् ? बिरामीलाई प्रदान गरिने परीक्षण रिपोर्टमा के के कुरा अनिवार्य उल्लेख हुनुपर्दछ ? परीक्षण शुल्क तोकिने आधारहरू के के हुन् ? कुन प्रविधिबाट परीक्षण गरिएको हो ? लगायतका प्रश्नहरूको उत्तर जान्ने जिज्ञासा भए तापनि आमजनता निरीह छ।

यावत् प्रश्नहरू स्वास्थ्य प्रयोगशालाका सञ्चालकसँग बिरामीले गर्‍यो भने उनीहरूको आफूलाई अब्बल घोषित गर्ने भाषण सुनेर बेहोश हुन सक्छन्। आमनागरिकले हेर्न मिल्ने वा आफूले जानेको विषयमा मात्र अनियमितता छुटचाउन सक्छन्। जस्तै तरकारी खरीद गर्दा मूल्य, तौल र गुणस्तर आदि । तर स्वास्थ्य प्रयोगशालाहरूको काम र कर्तव्य मापदण्डबमोजिम भए/नभएको विषयमा नियामक निकायबाहेक अरू कसैले पत्ता लगाउन सक्दैनन्। स्वास्थ्य प्रयोगशालाले त्रुटि गर्ने र सोको दुष्परिणाम बिरामी, स्वास्थ्य संस्था वा चिकित्सकहरूले भोग्नुपर्ने हुन्छ। स्वास्थ्य प्रयोगशालाहरूको गलतीमाथि ध्यान जाने सम्भावना न्यून हुन्छ। यसको फाइदा उठाउने पात्रहरूको कमी बजारमा छैन। यसको अर्थ प्रभावकारी सेवा प्रदान गर्ने स्वास्थ्य प्रयोगशालाहरू छैनन् भन्ने होइन। यद्यपि ख्यातिप्राप्त प्रयोगशालाले मापदण्डविपरीत र तल्लो वर्गमा वर्गीकृत प्रयोगशालाको मापदण्डको परिधिमा रहेर काम गरिरहेका हुन सक्छन्।

स्वास्थ्य सेवामा समर्पित जानकारहरूका अनुसार बिरामी निको हुने वा रोग झन् बल्झिने विषय नितान्तरूपमा स्वास्थ्य प्रयोगशालाले गर्ने परीक्षणमा निहित हुने कुरा हो। स्वास्थ्य प्रयोगशालामा परीक्षणको दौरान सूक्ष्म त्रुटिले रिपोर्ट गलत हुन सक्छ र उपचार प्रक्रिया उल्टो दिशामा जाने खतरा रहन्छ। त्यस कारण कुनै पनि कोणले स्वास्थ्य प्रयोगशालामा असावधानी मान्य हुने कुरै हुँदैन। स्वास्थ्य प्रयोगशालाको लागि योग्य प्राविधिक, गुणस्तरीय प्रविधि, रसायन र तोकिएका मापदण्ड आवश्यक तत्त्वहरू हुन् । अन्य क्षेत्रसँगै यस क्षेत्रमा पनि मनोमानी र बेथिति बढ्दो छ र नियामक निकायले नियन्त्रण गर्नुपर्ने आवश्यकता छ।

स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड, २०७३ र स्वास्थ्य सेवा सञ्चालन मापदण्ड, २०७७ मा अङ्कित तथ्यहरूका आधारमा संक्षिप्त चर्चा गरौं।

### स्वास्थ्य प्रयोगशाला भनेको के हो ?

स्वास्थ्य प्रयोगशाला भन्नाले चिकित्सा प्रयोगशाला, निदान प्रयोगशाला, मेडिकल प्रयोगशाला, जनस्वास्थ्य प्रयोगशाला वा रोगको निदान, जाँच, रोकथाम, मेडिकल उपचारको निर्णय, रोगको निगरानी वा जनस्वास्थ्यसम्बन्धी परीक्षणको कार्य गर्ने सेवालाई स्वास्थ्य प्रयोगशाला भनिन्छ।

प्रयोगशालालाई विविध प्रकारले वर्गीकरण गरिएको पाइन्छ । जस्तै जनस्वास्थ्य प्रयोगशाला, सरकारी अस्पतालमा आधारित प्रयोगशाला, निजी अस्पतालमा आधारित प्रयोगशाला, प्रयोगशाला सेवा मात्र प्रदान गर्ने प्रयोगशाला, अनुसन्धान प्रयोगशाला, प्रेषण प्रयोगशाला र रिफरेन्स प्रयोगशाला आदि। प्रयोगशाला सेवा मात्र प्रदान गर्ने प्रयोगशालालाई 'स्टचान्डोलोन' भनिन्छ।

### आधारभूत मापदण्ड

स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ अनुसार प्रयोगशालाका आधारभूत मापदण्डहरूमा प्रयोगशाला परीक्षण गर्न आवश्यक ज्ञान र योग्यता, परीक्षण गर्न आवश्यक तालीम र अनुभव, रिएजेन्ट र सामग्रीहरूको तयारी/परीक्षणको जटिलता, सञ्चालन विधि/प्रविधि/उपकरणहरूको विशेषता, क्यालिब्रेशन, गुणस्तर नियन्त्रण र प्रोफिसिएन्सी परीक्षण सामग्रीको विशेषता, उपलब्धता, उपकरणहरूको मर्मतसम्भारको आवश्यकता र परीक्षणको सन्दर्भमा अपनाउनुपर्ने इन्टरपर्टेशन र निर्णयसम्बन्धी आवश्यकता आदि।

### आवश्यक पूर्वाधार

सजिलै पहुँच, पर्याप्त हावा आवातजावत गर्ने स्थान, पर्याप्त मात्रामा उज्यालो भएको, नियन्त्रित वातावरण (तापक्रम, आद्रता, हावा, धूलो र विकिरण), पर्याप्त पानीको आपूर्ति व्यवस्था, नियमित बिजुलीको व्यवस्था, प्रयोगशाला सञ्चालनको गुणस्तर, जीवाणुरहित बनाउने सुविधा, फोहर व्यवस्थापनको उपयुक्त व्यवस्था, नमूना र रिएजेन्टहरूको ढुवानीको लागि उपयुक्त भण्डारण सुविधा, तथ्याङ्क भण्डारण, अभिलेखीकरण र व्यवस्थापन, व्यक्तिगत र वातावरणको सुरक्षा, गुणस्तरीय रिएजेन्ट र रसायनको प्रयोग, फरक–फरक क्रियाकलापहरूको लागि कार्यविभाजन, मिसावट र कन्टामिनेशनको जोखिम मुक्त गर्ने व्यवस्था र अन्य सुविधाहरू आदि। प्रत्येक समूहमा वर्गीकृत प्रयोगशालाहरूमा तोकिएका आवश्यकता र उपलब्ध प्रविधि अनुसारका पर्याप्त उपकरण, रिएजेन्ट, किट्स र अन्य सामग्रीहरू उपलब्ध हुनुपर्दछ । त्यसैगरी, प्रयोगशालामा परीक्षण कार्यको लागि योग्य जनशक्ति तोकिएको काउन्सिल अर्थात् नेपाल मेडिकल काउन्सिल वा नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको हुनुपर्दछ।

### प्रयोगशालाको वर्गीकरण

प्रयोगशालाहरूलाई 'ए', 'बी', 'सी', 'डी' र 'ई' गरी पाँच समूहमा वर्गीकरण गरिएका छन्।

स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को परिच्छेद ८ मा उल्लेख भए अनुसार 'ए' वर्गको प्रयोगशालाको क्षेत्रफल चार हजार वर्गफिट, 'बी' वर्गको लागि डेढ हजार वर्गफिट, 'सी' वर्गको लागि चार सय वर्गफिट, 'डी' वर्गको लागि अढाई सय वर्गफिट र 'ई' वर्गको लागि डेढ सय वर्गफिट तोकिएको छ। प्रयोगशालाको नक्शाङ्कन नमूना सङ्कलन गर्नेदेखि लिएर विसर्जनसम्म हुनेगरी 'लोजिकल फ्लो' (तार्किक प्रवाह) मिलाइएको हुनुपर्नेछ । नमूना सङ्कलन, नमूना प्रोसेसिङ, नमूना परीक्षण, रिपोर्टिङको लागि छुट्टाछुट्टै क्षेत्र हुनुपर्नेछ । तोकिएको कुल क्षेत्रफलको न्यूनतम ७० प्रतिशत भाग प्रयोगशालासँग सम्बन्धित प्राविधिक परीक्षण कार्यको लागि छुटचाइएको हुनुपर्नेछ। बाँकी ३० प्रतिशत भागमा प्रयोगशालासँग सम्बन्धित कार्यहरू जस्तैः नमूना सङ्कलन, प्रतीक्षालय, मिटिङ हल, कार्यालय क्षेत्र, भण्डारण र शौचालय आदिको लागि व्यवस्था गर्न सकिनेछ । 'ए' वर्गको प्रयोगशालाको हकमा एउटै भवनमा सबै सेवा दिन नसकिने अवस्थामा अधिकतम पाँच सय मिटरभित्र रहेको अर्को भवनबाट पनि केही सेवाहरू दिन सकिनेछ।

### सञ्चालन अनुमति प्रदायक

प्रयोगशाला सञ्चालन अनुमति प्राप्त गर्नको लागि 'ई' समूहको प्रयोगशाला सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय, 'डी' र 'सी' समूहको लागि सम्बन्धित क्षेत्रीय/प्रान्तीय कार्यालय, 'बी' र 'ए' समूहको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट अनुमति लिनुपर्ने प्रावधान रहेको छ।

विभिन्न निकायबाट सञ्चालन अनुमति जारी भएका प्रयोगशालाहरूमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले जुनसुकै बेला अनुगमन गर्न सक्ने र अनुगमन गर्दा तोकिएबमोजिमको मापदण्डअनुरूप नपाइएमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले ती प्रयोगशालाहरूको वर्गीकरण घटुवा गर्नेदेखि खारेजीसमेत गर्न सक्ने प्रावधान छ।

स्थायी अनुमतिपत्र प्राप्त भएपछि प्रत्येक तीन वर्षमा नवीकरण गराउनुपर्ने नियम छ । अनुमतिपत्र नवीकरणको

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–११२

यसै प्रकार महारथी द्रोण तथा अर्जुन पनि विचित्र प्रकारले युद्ध गर्न थाले । उनीहरू सेनाको बीचमा विचित्र गतिले रथको सञ्चालन गर्दै एकअर्कालाई देब्रतिर पार्ने प्रयत्न गरिरहेका थिए । त्यति बेला जम्मै योद्धा ती दुवैको पराक्रम हेरेर चकित परिरहेका थिए। अर्जुनलाई जित्नको लागि आचार्य द्रोणले जुन जुन उपाय गर्दथे, अर्जुनले हाँस्दाहाँस्दै त्यसको तुरुन्तै प्रतिकार गरिहाल्थे । अनि द्रोणाचार्यले क्रमशः ऐन्द्र, पाशुपत, त्वाष्ट्र, वायव्य र वारुण अस्त्रलाई प्रकट गरे तर अर्जुनले द्रोणको धनुषबाट छुट्ने ती दिव्यास्त्रहरूलाई आफ्नो दिव्यास्त्रबाट शान्त पारिदिए । यो हेरेर द्रोणले मनमनैमा अर्जुनको प्रशंसा गरे उनी जस्तो शिष्य पाएर आफूलाई सबै शास्त्रवेत्ताहरूबाट श्रेष्ठ ठाने । ती दुवैबीचको युद्ध हेर्नको लागि आकाशमा हजारौं देउता र गन्धर्व, ऋषि र सिद्धहरूको समूह एकत्रित थिए। अर्जुन र द्रोणको प्रशंसाले भरिएको उनीहरूको कुरा मात्र सुनिंदै थियो ।


तदन्तर द्रोणाचार्यले ब्रह्मास्त्र प्रकट गरे, यसले अर्जुन र अन्य प्राणीहरूलाई सन्ताप दिन थाले । ब्रह्मास्त्र प्रकट हुने बित्तिकै पर्वत, वन र रूखहरूसहित भुइँचालो जान थाल्यो । समुद्रमा हुरी चल्न थाल्यो । दुवैतिरका सेना भयभीत हुन थाले तर अर्जुन यसबाट अलिक पनि विचलित भएनन् । उनले ब्रह्मास्त्रबाट नै त्यस अस्त्रलाई शान्त पारे । अनि सम्पूर्ण उपद्रव शान्त भयो । यसपछि अर्जुन र द्रोणाचार्यबीच घोर युद्ध हुन थाल्यो ।

सञ्जय भन्छन्– महाराज, त्यति बेला दुश्शासन धृष्टद्युम्नसित युद्ध गर्न थाल्यो । उसले धृष्टद्युम्नलाई आफ्नो बाणबाट हदैसम्म पीडित पाऱ्यो । अनि उनी पनि धेरै क्रोधित भएर तपाईंको पुत्रको घोडामाथि बाणवर्षा गर्न थाले । एकै क्षणमा उनको बाणको यति राश थुप्रियो कि दुश्शासनको रथ त्यसबाट ढाकिएर ध्वजा र सारथिसहित अदृश्य भयो । धृष्टद्युम्नको सायकहरूबाट दुश्शासनलाई



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

बडो पीडा हुन थाल्यो । त्यसैले ऊ अब उनको सामु टिक्न सकेन रयुद्धभूमिबाट



भागिहाल्यो । यस प्रकार दुश्शासनलाई विमुख गरेर धृष्टद्युम्न हजारौं बाणहरूको वृष्टि गर्दै द्रोणाचार्यको समीप पुगिहाले ।

त्यति बेला भइरहेको युद्ध सर्वथा धर्मानुकूल थियो। कसैले पनि निहत्थामाथि वार गरिरहेको थिएन, त्यस युद्धमा कर्णी, नालीक, विषमा सेलाएको बाण, वास्तिक, सूची, कपिश, गाई वा हात्तीको हाडबाट बनेका बाण, दुधार भएको अपवित्र वा बाङ्गोटिङ्गो बाण–यी सबै अस्त्रको प्रहार गरिंदैनथ्यो । सबै सेनाले शुद्ध र साधारण अस्त्रहरूलाई नै धारण गरेका थिए । सबैले धर्ममय सङ्ग्राम गरेर उत्तम लोक र सुयश प्राप्त गर्न चाहिरहेका थिए ।

यतिकैमा दुर्योधन तथा सात्यकिमा मुठभेड भयो । ती दुवै निर्भीक भई युद्ध गर्न थाले । साथै बचपनका बितेका कुराहरू सम्झँदै परस्पर प्रेमपूर्वक हेर्दै बारम्बार हाँस्न थाल्थे । राजा दुर्योधन आफ्नो व्यवहारको निन्दा गर्दै प्यारो मित्र सात्यकिसित भने– मित्र, क्रोध, लोभ, मोह, अमर्ष र क्षत्रिय आचारलाई धिक्कार छ, जसको कारण आज तिमीले ममाथि र म तिमीमाथि प्रहार गर्दैछौं । तिमी मेरोलागि प्राणभन्दा पनि प्रिय थियौ र ममाथि तिम्रो पनि यस्तै माया थियो तर आज यस रणभूमिमा हामीले ती जम्मै कुरा बिर्सिसकेका छौं ।

दुर्योधनले यस्तो भने पछि सात्यकिले भने– राजन्, क्षत्रियहरूको व्यवहार नै यस्तै हुन्छ । उनीहरू आफ्ना गुरुसित पनि भिड्न सक्छन् । यदि तिमीले मलाई आफ्नो प्रिय ठान्छौ भने मलाई छिटो मारिहाल, विलम्ब नगर । तिम्रो कारणले म पुण्यवान्हरूको लोकमा जानेछु । अब म जीवित रहेर आफ्नो मित्रमाथि परेको आपत्तिलाई हेर्न चाहन्नँ । यस प्रकार स्पष्ट उत्तर दिएर सात्यकि आफ्नो प्राणको पनि परवाह नगरेर छिट्टै दुर्योधनको सामना गर्न आइपुगे । अनि दुर्योधनले सात्यकिमाथि दशवटा बाण हाने, सात्यकिले पनि उनीमाथि क्रमशः पचास, तीस र दशवटा बाणको वर्षा गरे । दुर्योधनले हाँस्दाहाँस्दै तीसवटा बाण हानेर सात्यकिलाई घाइते पारे तथा एउटा क्षुरप्रबाट उनको धनुषलाई पनि काटी खसाले । सात्यकिले पनि अर्को धनुष हातमा लिई हस्तलाघव प्रदर्शन गर्दै तपाईंको पुत्रमाथि बाणको ओइरो लगाइदिए । दुर्योधनले आफ्नो सायकहरूबाट ती बाण समूहलाई टुक्राटुक्रा पारिदिएर सात्यकिमाथि त्रिहत्तरीवटा बाण हानेर व्याकुल पारिदिए। अनि जब उनी धनुषमाथि बाण चढाउनै लागेका थिए, त्यति बेला नै सात्यकिले उनको धनुषलाई काटिदिएर अनेकौं सायकहरूबाट उनलाई घाइते पारिदिए । दुर्योधन वेदनाले कराउँदै अर्को रथमाथि गई बसे। अलिकबेरमैं जब वेदना केही कम भएपछि सात्यकिको रथमाथि बाणवर्षा गर्दै अगि बढे । यस्तै सात्यकि पनि दुर्योधनको रथमाथि बाणवर्षा गर्न थाले। क्रमशः ...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

हामी बाहिरी रूप, रङ्ग र व्यवहार हेरेर निर्णय लिन्छौं । हाम्रो मनको चञ्चलताको कारण हाम्रो अन्तर्दृष्टिमा कमी आएको हो । ध्यानले मनलाई निश्चल बनाइदिन्छ । मन निश्चल अवस्थामा भएको बेला गरिने निर्णयहरू आत्मज्ञानबाट हुने भएकोले हाम्रा ती निर्णयहरू समयसापेक्ष र सन्तुलित हुने गर्दछन् । हाम्रो मन स्थिर छ भने त्यसले सांसारिक वस्तुहरूको उपयोग राम्ररी गर्न सक्छ, जीवन मजासँग बिताउन र खुशीखुशी मर्न पनि ध्यानको निकै ठूलो महत्त्व छ ।

आजको युग सूचनाको युग हो। यस युगमा मानिसले सूचनाको अथाह प्रवाहबाट गुज्रनुपर्छ । समयसापेक्ष हुन अर्थात् आफूलाई अपडेट राख्न नयाँ कुराहरूबाट सुसूचित हुन जरूरी छ । त्यसैले मानिसको मनले लगातार भार खेपिरहेको हुन्छ। मनले भार खेपिरहेको अवस्थामा मानिसको बुद्धि र अन्तरप्रज्ञाले काम गर्दैन। त्यही भएर संसारका भौतिक रूपले सफल व्यक्तिहरू पनि मानसिक अस्थिरता र तनावले गर्दा राम्ररी सुखभोग गर्न सकिरहेका छैनन् । जो भौतिकरूपमा असफल छन्, उनीहरू निराश छन् । दुवैथरीको जीवन असन्तुलित र दुःखपूर्ण छ। यी दुवैथरीका मानिसलाई ध्यानले सन्तुलित गर्न सक्छ। ध्यानले मनलाई विश्राम लिन मदत गर्छ।

अन्नमय कोष भनेको हाम्रो स्थूल शरीर हो । यसको पालनपोषण हामीले खाएको अन्नले हुन्छ। यो अन्नमय कोष भित्र प्राणमय कोष हुन्छ । समवेदना हुनु, प्राणी वा वनस्पति सानोबाट बढ्दै ठूलो हुँदै जानु नै प्राणमय कोष भएको प्रमाण हो। साधनाद्वारा अन्नमय कोषलाई पारदर्शी बनाउन सके त्यसभित्र लुकेको प्राणमय कोषको अनुभव हुन थाल्छ । प्राणमय कोष पारदर्शी भएमा त्यस भित्रको मनोमय कोषको अनुभव हुन थाल्छ । मनोमय कोषभित्र विज्ञानमय कोष हुन्छ र विज्ञानमय कोषभित्र आनन्दमय कोष लुकेर बसेको हुन्छ । साधनाको प्रमुख उद्देश्य यिनै ५ कोषहरूलाई पारदर्शी बनाउँदै लग्नु हो ।

अन्नमयकोष फिजिकल बडी,
प्राणमयकोष भाइटल बडी,
मनोमयकोष मेन्टल बडी,
विज्ञानमयकोष मन्सस बडी
आनन्दमयकोष ब्लेस बडी

भौतिक शरीर अन्नले बन्छ । हामीजस्तो अन्न खान्छौं, त्यस्तै किसिमको अन्नमय कोष निर्माण हुन्छ । मांसाहार र तामसिक भोजनले अन्नमय कोषलाई भारी बनाउँछ । यसलाई सिमलको भुवाजस्तै हलुका र पारदर्शी बनाउनका लागि आहार विज्ञानको विकास भयो । यसै क्रममा सात्विक भोजन, शाकाहारी भोजन, साधनाको लागि अनिवार्य गरियो । समय समयमा लिइने व्रत–उपवासले पनि साधनामा लाभ हुने कुरा बताइयो । यसको साथै हाम्रो शरीरलाई हलुका राख्न तथा लचकदार बनाउन योगासनहरूको विकास भयो । हाम्रो शरीर र प्राण दुवैलाई शक्तिशाली बनाउन प्राणायामको विकास भयो । प्राणमय कोष (इनर्जी, भाइटलबडी) ऊर्जाले बनेको हुन्छ। गहिरो र लामो श्वास लिनाले प्राणमय कोष बलियो हुन्छ। तीर्थहरूको दर्शन र सत्सङ्गले प्राणमय कोषलाई सूक्ष्मरूपमा भोजन प्राप्त हुन्छ। प्राणमय कोषको भित्र मनोमय कोष हुन्छ। यो विचारले बनेको हुन्छ । हामीजस्तो विचार गर्छौं हाम्रो मानस शरीर त्यस्तै बनिरहेको हुन्छ । बजारमा पाइने फास्ट फूडहरू धेरै दिन अघि बनाएर प्याक गरिएको हुन्छ। यी खानेकुरा प्राणविहीन भैसकेका हुन्छन् । अविकसित देशहरूमा उत्पादित मिसावटयुक्त अशुद्ध र प्राणविहीन भोजनको सेवनले अन्नमय शरीरलाई अस्वस्थ बनाउँछ भने विकसित देशहरूमा ओभरप्रोसेस गरिएका र रसायन मिसाएर प्याक गरिएका मांसाहारी भोजनले यसलाई भारी र दुषित बनाउँछ । संसारमा यस्ता भोजनको प्रयोग बढ्दै गएकोले मानव जीवनमा चुनौती थपिंदै गइरहेको छ। अचेल कोलाहलपूर्ण, धूवाँ–धूलोयुक्त वातावरणमा हाम्रो प्राण शरीरलाई स्वस्थ राख्न हामीहरूलाई मुश्किल परेको छ । ध्वनि प्रदूषणयुक्त भएका नाइटक्लब र सिनेमा हल आदिमा उत्तेजनायुक्त मानिसहरूको बीचमा बस्दा हाम्रो प्राण शरीर र मानस शरीरलाई धेरै आघात पर्दछ । बाहिरबाट नदेखिए पनि हाम्रो मानस शरीरको लागि बटुलिएका प्रदूषित विचारहरूले हामीलाई नराम्रो कार्य गर्न प्रेरित गरिरहेको हुन्छ । हामीहरू जे सुन्छौं, जे पढ्छौं, जे हेर्छौं, त्यसै अनुसार हाम्रो मनोमय कोष बन्छ। शान्त बिहानीमा मधुरो घाममा बसेर चियाको चुस्कीसँगै पढिने समाचारहरू, उत्तेजनापूर्ण दृश्ययुक्त टेलिभिजन प्रोग्रामहरूले मनलाई नै खलबल्याइदिन्छ । यसले हामो मानस शरीरलाइ आघात पुऱ्याउँछ । पहिले पहिले हाम्रा घरमा एकाबिहानै उठेर भगवतीस्तोत्र, पान्चायनस्तोत्र, गीता, सूर्याष्टक, हनुमान चालिसा, दुर्गा कवच आदिको पाठ गरेर हाम्रा विचारहरूलाई पवित्र गर्ने गरिन्थ्यो । यसले गर्दा हाम्रो मानस शरीर बलियो हुनेगर्थ्यो र बेलुका पनि भगवान्को आरती गर्ने, रामायण तथा देवी भागवतको सिलोक हाल्ने गरिन्थ्यो। तर आजभोलि बिहान व्यायाम क्लबमा बजाइने जगिङ सङ तथा बेलुकी डिस्को पार्टीमा बजाइने विभिन्न किसिमका डिस्को सङ सुन्ने गरिन्छ। यसबाट उठने विचारहरूले बन्ने हाम्रो मानस शरीर पनि गरूङ्गो र विपरीत वुध्दिको बन्छ ।

क्रमशः

# सहायक ननन्युरोनल सेल र संवेगग्रहणकर्ता नर्भइन्डिङ

अङ्ग्रेजीमा सहायक ननन्युरोनल सेललाई न्युरोग्लाया भनिन्छ। लैटिनमा न्युरोको अर्थ नर्भ र ग्लायाको अर्थ ग्लु हुन्छ । ग्लुको मतलब हुन्छ वस्तु टाँस्ने



वाटिका

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**छालामा स्पर्श, दबाब, दुखाइ आदि संवेदना ग्रहण गर्ने विभिन्न ठाउँ वा संरचना हुन्छ, जहाँ रिसेप्निस्ट बसेको हुन्छ । नर्भको परिप्रेक्ष्यमा यसैलाई रिसेप्टर भनिन्छ । रिसेप्टर स्पर्श, दबाब, दुखाइ आदि संवेगलाई रिसिभ गर्ने अलग अलग रिसेप्निस्ट वा रिसेप्टर हुन्छ ।**

लिस्याइलो पदार्थ। अर्थात् जसले नर्भलाई टाँसिने गरी स्थिर राख्ने काम गर्छ । मस्तिष्कमा जति न्युरोन वा नर्भसेल हुन्छ त्यसको दसदेखि पन्ध्र गुणा बढी हुन्छ, जसलाई न्युरोग्लायल सेल भनिन्छ। कुनै अङ्गको सेल जब अत्यधिक र अवाञ्छनीय रूपले विभाजित हुन्छ, त्यसलाई कैंसर भनिन्छ। किनकि नर्भसेल विभाजित हुँदैन त्यसकारण मस्तिष्कमा कैंसर लाग्दैन । तर यही ग्लायल सेल विभाजित भएर बनेको कैंसरलाई ब्रेनकैंसर भनिन्छ ।

**वर्गीकरण** : न्युरोग्लायल सेलहरू सेन्ट्रल नर्भस सिस्टम अर्थात् ब्रेन र स्पाईनलकार्ड तथा पेरिफेरल नर्भमा पनि हुन्छ । अतः यी दुई प्रकारका भए : १ सेन्ट्रल न्युरोग्लायलसेल र २.पेरिफेरल न्युरोग्लायलसेल ।

सेन्ट्रल पनि तीन प्रकारको हुन्छ क. एस्ट्रोसाइट जसको आकार तारा जस्तो हुन्छ । यसको पनि दुई प्रकार हुन्छ : अ.फाइब्रस एस्ट्रोसाइट र ब. प्रोटोप्लाज्मिक एस्ट्रेसाइट। फाइब्रस केवल ह्वाइटमैटरमा र केही नगण्य सङ्ख्यामा मात्र ग्रेमैटरमा पाइन्छ। प्रोटोप्लाज्मिक केवल ग्रैमैटरमा पाइन्छ । ख. माइक्रोग्लाया : यसलाई सेन्ट्रलनर्भको मैक्रोफेज पनि भनिन्छ र रगतबाट नै आउँछ। यसको काम सेन्ट्रलनर्भमा त्यही हो, जुन अन्य टिसुमा मैक्रोफेजको हो अर्थात इन्फेक्टिभ जीवाणुलाई खाने र मिल्काउने। ग.ओलिगोडेन्ड्रोसाइट : जहाँ स्वानसेल हुँदैन त्यहाँ यसले माइलिनसीथको निर्माण गर्छ ।

**कार्य** : यो नर्भलाई चारैतिरबाट घेरेर रहन्छ र ब्रेन तथा स्पाइनलकार्डलाई आफ्नो ठाउँमा स्थिर राख्छ। कुनै रूखमा लहरा लपेटिएको अवश्य हेर्नु भएको होला। बस त्यही लताजस्तो हुन्छ न्युरोग्लायल सेल्स । तर लताले न रूखलाई स्थिर राख्छ, न कुनै पोषण दिन्छ बरु रूखको कारण आफू स्थिर रहन्छ र रूखबाट नै पोषण प्राप्त गर्छ। यसविपरीत लतारूपी न्युरोग्लायल सेलले न केवल न्युरोनरूपी रूखलाई सहारा दिएर स्थिर राख्छ अपितु त्यसलाई पोषण पनि दिन्छ र उसको विजातिय पदार्थलाई पनि मिल्काइदिन्छ । न्युरोग्लायल सेल भएन भने न्युरोनको अस्तित्व नै रहँदैन। त्यसैले ब्लडब्रेन बैरियर (तगारो) पनि बनाउँछ र धेरै अवाञ्छित तत्त्वलाई रगतबाट ब्रेनमा जान दिँदैन । एक्सट्रा सेल्युलर द्रवको मात्रा बनाइराख्ने काम पनि एस्ट्रोसाइटले नै गर्छ । यसबाहेक सोडियम र पोटासियम उपलब्ध गराएर यसले न्यरोट्रान्समिटरको मात्रा पनि नियमन गर्छ ।

२. पेरिफेरल ग्लायलसेल पनि दुई प्रकारको हुन्छ : क. स्वानसेल र ख. सेटेलाइटसेल। स्वानसेलले न्युरोनको चारै तिर माइलिनसिथको निर्माण गर्छ, नर्भ रिजेनरेशनमा भाग लिन्छ र न्युरोनको विजातीय पदार्थ पनि मिल्काउँछ । सेटेलाइटसेल न्युरोनको बाहिरी सतहमा पाइन्छ। यसले पेरिफेरल नर्भलाई स्थिर राख्छ । एक्स्ट्रा सेल्युलर केमिकलको पनि यसले नियमन गर्छ ।

अतः हामीले न्युरोग्लायल सेलको कामलाई बुँदागत रूपमा यसरी व्यक्त गर्न सक्छौं –

: यसले न्युरोनलाई समातेर स्थिर राख्छ।
: न्युरोनको पोषण गर्छ ।
: सेन्ट्रल र पेरिफेरल नर्भको मृत कचर मिल्काउँछ ।
: मृत न्युरोनलाई पचाउँछ ।
: एक्सट्रा सेल्युलर द्रवको नियमन गर्छ ।
: न्युरोनहरूको जंक्शनमा न्युरोट्रान्समिटर प्रवाह गर्न मदत गर्छ ।
: न्युरोट्रान्समिटरको मात्रा बढ्न दिँदैन।
: न्युरोनको कार्यको प्रवाह कायम राख्छ।

**संवेग ग्रहणकर्ता** : यसलाई अङ्ग्रेजीको रिसेप्सन शब्दले राम्ररी बुझ्न सकिन्छ । रिसेप्सन त्यस स्थानलाई भनिन्छ जहाँ पाहुनालाई स्वागत गरिन्छ। स्वागत गर्ने व्यक्तिलाई रिसेप्निस्ट






FIGURE 138-1: Neuroglial cells in CNS
i. Fibrous astrocytes
ii. Protoplasmic astrocytes
Fibrous Astrocytes






FIGURE 139-1: Cutaneous receptors

भनिन्छ। रिसेप्सन टेबुल वा ठाउँ शरीरका अङ्ग हुन्; जसरी हाम्रो छाला। छालामा स्पर्श, दबाब, दुखाइ आदि संवेदना ग्रहण गर्ने विभिन्न ठाउँ वा संरचना हुन्छ, जहाँ रिसेप्निस्ट बसेको हुन्छ । नर्भको परिप्रेक्ष्यमा यसैलाई रिसेप्टर भनिन्छ। रिसेप्टर स्पर्श, दबाब, दुखाइ आदि संवेगलाई रिसिभ गर्ने अलग अलग रिसेप्निस्ट वा रिसेप्टर हुन्छन् जसलाई समेटेर उसको सम्बन्धित हाकिम अर्थात् ब्रेनको विभिन्न भागमा पुऱ्याउँछ र हामीले त्यस संवेदनालाई महसूस गर्छौं। ती रिसेप्टर छाला वा शरीरको विभिन्न भागमा छरिएका हुन्छन। मानिलिउँ हाम्रो त्वचालाई कसैले छोयो । त्यसको लागि अलग रिसेप्टर हुन्छ ,कसैले चिमोटचो त्यसको लागि अलग र यदि काँडा बिझेर दुख्यो त्यसको लागि अलग रिसेप्टर हुन्छ। यसको खोज सर्वप्रथम जर्मन वैज्ञानिक अर्नेस्ट हेनरीच वेवरले गरे र कति नियम बनाए जसको विस्तार गुस्ताभ थियोडोर फेचनरले गरे । नर्भ इन्डिग नै रिसेप्टर हो, जसलाई एफेरेन्ट नर्भ पनि भनिन्छ। यो अन्तिम छोर ननमाइलिनेटेड र विशेष आकार लिएको हुन्छ जसले एक ट्रान्सड्युसरको काम गर्छ। ट्रान्सड्युसर त्यस मेशिनलाई भनिन्छ जसले एक प्रकारको ऊर्जालाई अर्को प्रकारको ऊर्जामा बदल्ने काम गर्छ। उदाहरणको लागि अल्ट्रासाउन्डमा एउटा ट्रान्सड्युसर हुन्छ जसले ध्वनिबाट पैदा भएको मेकानिकल ऊर्जालाई दृश्य ऊर्जामा बदलिदिन्छ र हामीले कलेजो आदि विभिन्न अङ्गहरूको दृश्य हेर्छौं । त्यस्तै रिसेप्टरले स्पर्श आदि ऊर्जालाई विद्युत् ऊर्जामा बदलेर एउटा न्युरोनबाट अर्को न्युरोनमा पुऱ्याउँदै अन्तमा ब्रेनमा पुगे पछि हामीले त्यस संवेदनाको रूपान्तरित भाव महसूस गर्छौं ।

**रिसेप्टरको वर्गीकरण** : रिसेप्टर दुई प्रकारको हुन्छ : १. एक्सटेरोसेप्टर जसले शरीरको बाहिरी परत अर्थात् छालाबाट संवेदना ग्रहण गर्छ । २. इन्टेरोसेप्टर जसले शरीरको भित्री सतहबाट संवेदना ग्रहण गर्छ । एक्सटेरोसेप्टर पनि तीनथरीको हुन्छ : क. जो छालामा स्थित हुन्छ र मेकानिकल ऊर्जा जस्तै–स्पर्श, दबाब, दुखाइलाई समात्छ । यस कारण यसलाई मेकानोसेप्टर पनि भनिन्छ । ख. केमोरिसेप्टर : यसले केमिकल कुरालाई ग्रहण गर्छ जसरी कोलिनर्जिक र एड्रीनर्जिक नर्भ। ग. यसले शरीर बाहिर हुने संवेदनालाई ग्रहण गर्छ जस्तै–सुनिने कुरा। २. इन्टरोसेप्टर पनि दुई प्रकारको हुन्छ : क. भिसेरोसेप्टर : जुन आन्द्रा आदि शरीरको भित्री अङ्गहरूमा हुन्छ । ख. प्रोप्रायोसेप्टर : जुन शरीरको सन्तुलन बनाइराख्न कानभित्र हुन्छ ।

**रिसेप्टरको गुण** : यी निम्नलिखित हुन् : १. एक्साइटिबिलिटी अर्थात् उत्तेजित हुनु २. प्रतिक्रिया दिने विशेषता र मुलरको नियम ३. एडेप्टेसन अथवा अनुकूलन ४. संवेदनाको मात्रा बढाएमा प्रतिक्रिया ५. रिसेप्टर पोटेन्सियल ।

१. कुनै पनि स्टिम्युलस अथवा उत्तेजनाले रिसेप्टर उत्तेजित हुन पुग्छ जसको विवरण पछि दिइने छ । २. हरेक प्रकारको रिसेप्टर केवल आफ्नैमा सीमित हुन्छ। यसको मतलब हो–स्पर्शको रिसेप्टरले केवल स्पर्श ग्रहण गर्छ। दबाब, दुखाइ वा अन्यलाई ग्रहण गर्दैन । त्यस्तै दबाबको रिसेप्टरले केवल दबाब र दुखाइको रिसेप्टरले केवल दुखाइलाई मात्र ग्रहण गर्छ। यसको अलावा संवेदना ब्रेनको जुन भागमा जान्छ त्यसको अनुसार कम वा बेसी महसूस हुन्छ । यसैलाई मुलरको नियम भनिन्छ। ३. अनुकूलन : यदि कुनै रिसेप्टरलाई लगातार उत्तेजित पार्न खोजियो भने रिसेप्टरले संवेदना माथि पुऱ्याउन बन्द गरिदिन्छ। यसैलाई एडेप्टेसन अथवा अनुकूलन भनिन्छ। यस प्रकारका रिसेप्टर पनि दुई प्रकारको हुन्छ : क. फेजिक र ख. टोनिक । जब रिसेप्टर छिट्टै अनुकूलित हुन्छ तब त्यसलाई फेजिक रिसेप्टर भनिन्छ। स्पर्श र दबाब यस कोटिमा आउँछ । ख. जब एडप्ट गर्न रिसेप्टरलाई बढी समय लाग्छ तब त्यसलाई टोनिक रिसेप्टर भनिन्छ। यसमा दुखाइ आदि अन्य रिसेप्टर पर्छ। ४. संवेदना बढाएमा प्रतिक्रिया :

रिसेप्टरले कुनै पनि संवेदनाको उचित मात्रामा अधिकतम उत्तेजनाको प्रतिक्रिया दिन्छ। यदि कुनै रिसेप्टरको शक्ति दुई गुणा बढाउनु छ भने उत्तेजित पार्ने कुराको शक्ति एक सय गुणा बढी हुनुपर्छ। यसलाई वेवर र फेचनर नियम भनिन्छ। यसैलाई जर्मन वैज्ञानिक वेवर र फेचनरले प्रतिपादित गरेका हुन् ।

अब फेरि पहिलो नम्बर अथवा एकसाइटेबिलिटीमा आउनुस् । जब कुनै उत्तेजना अर्थात् दबाब आदि नर्भलाई थिच्छ तब रिसेप्टरमा एक प्रकारको इम्पल्स पैदा हुन्छ, जसलाई रिसेप्टर पोटेन्सियल भनिन्छ। त्यसमा जोडिएको नर्भको स्वरूप तब डिफार्म हुन्छ। यसरी डिफार्म भएको नर्भमा पोजिटिभ चार्ज भएको सोडियमको चैनल खुल्छ र सोडियम भित्र प्रवेश गर्छ । जब यो पोजिटिभ चार्ज नर्भको पहिलो नोडमा पुग्छ तब यो नर्भ पोटेन्सियल वा इम्पल्स बन्छ। यसरी रिसेप्टर पोटेन्सियल एक्शन पोटेन्सियलमा बदलिइसकेपछि ब्रेनको सेन्टरमा पुग्छ । यसरी एक ऊर्जालाई अर्को ऊर्जामा बदल्ने कारणले रिसेप्टरलाई ट्रान्सड्युसर पनि भनियो।


(बाँकी पाँचौं पातामा)

## अन्तर्राष्ट्रिय समाचार

# आसममा बाल विवाहविरुद्ध अभियान, अठार सय पक्राउ

गुवाहाटी, २० माघ/एएनआई

आसाम प्रहरीले बाल विवाहविरुद्ध अभियानलाई तीव्र गतिमा अघि बढाएको छ । सामाजिक विकृतिविरुद्ध यो अभियानका क्रममा हालसम्म १,७९३ जना पक्राउ परेका छन् ।



तस्वीरः एजेन्सी

आसामका मुख्यमन्त्री हिमन्त विश्व शर्माको निर्देशनमा बिहीवार रातिदेखि बाल विवाहविरुद्ध राज्यव्यापी कारबाई थालिएको बताउँदै प्रहरी महानिरीक्षक एवं आसाम प्रहरीका प्रवक्ता प्रशान्तकुमार भुयानले राज्यभरबाट पक्राउ परेकामध्ये १३१ जना एकै स्थान विश्वनाथका रहेका एएनआईलाई जानकारी दिए ।

राज्यभरि बालविवाह रोक्न मुख्यमन्त्रीबाट निर्देशन प्राप्त भए अनुसार राज्यभरका प्रहरी बालविवाह विरुद्ध अभियान सफल बनाउन आक्रामक भएर लागेको उनले बताए ।

उमेर नपुगेका युवतीसँग विवाह गरेको आरोपमा माजुली जिल्लाबाट छजनालाई नियन्त्रणमा लिइएको छ भने गुवाहाटीमा मात्र बालविवाहसम्बन्धी १९२ मुद्दा दर्ता भएका छन् ।

गुवाहाटीबाट ५३ जनालाई पक्राउ गरेर अनुसन्धान थालिएको छ । बाल विवाहमा संलग्न भएको अभियोगमा ध्रुवी जिल्ला प्रहरीले ९६ जनालाई हिरासतमा लिएको छ । रासस

**सहायक ननन्युरोनल ....**

यसरी स्पर्शमा मेकानिकल ऊर्जा र केमोरिसेप्टरमा केमिकल ऊर्जालाई इलेक्ट्रिकल एक्शन पोटेन्सियलमा बदलिइन्छ ।

केही प्रमुख रिसेप्टर र तिनको अवस्थितिको विवरण र संरचना फोटो सहित निम्नलिखित हुन् :

कुटेनियस अर्थात् जुन छालाको एपिडर्मिसको तल छरिएको हुन्छ : स्पर्शको लागि दुई किसिमको रिसेप्टर हुन्छ जसको नाम क्रमशः मिसनर्स कर्पसल र मर्केल डिस्क हो ।

पहिलोको आकार पानको पात जस्तो र दोस्रोको एक साथ कतिपय कप जस्तो हुन्छ। जार्ज मिसनर र वेग्नरले पहिलोको १८५२ मा तथा जर्मन एनाटोमिस्ट फ्रेडरिक मर्केलले दोस्रोको सन् १८०० मा खोज गरे । दबाबका रिसेप्टरलाई पैसिनियन कर्पसल भनिन्छ जसको आकार गोलो चक्रजस्तो हुन्छ, जसको खोज इटालियन एनाटोमिस्ट फिलिपो पैसिनियनले १८३१ मा गरे। त्यस्तै दुखाइको रिसेप्टर अनेक वर्गाकार फ्री नर्भ इन्डिङ हुन्छ। सर्दी र गर्मीको रिसेप्टर पनि छालामैं हुन्छ जसमा गर्मीको रिसेप्टरलाई रैफिनी इन्ड आर्गन र सर्दीकोलाई क्रौजी इन्डवल्व भनिन्छ। पहिलोको खोज एन्जेलो रैफिनीले तथा दोस्रोको वैज्ञानिक क्रौजीले गरेका हुन्। पहिलोको आकार बिजुलीको चाबुकजस्तो र दोस्रोको सेलहरूले मिलेर गोलाकार घेरा बनाएका हुन्छन् । केमोरिसेप्टरमा टेस्ट र स्मेल रिसेप्टर आउँछ ।

टेस्टको जिब्रोमा टेस्टबडको र स्मेलको नाकमा ओलफेक्टरी रिसेप्टरको रूपमा बसेको हुन्छ । त्यस्तै टेलिरिसेप्टरमा भिजन र हियरिंग आउँछ। भिजनका रिसेप्टर हुन्– आँखाको रेटिनामा अवस्थित रोड्स र कोन्स तथा हियरिंगको कानमा आर्गन आफ कोर्टाइका हेयर सेल्स । यो त भयो एक्सटेरोसेप्टरहरू । अब इन्टेरोसेप्टरमा आउनुस् । यसमा भिसेरोसेप्टरमा स्ट्रेच मुटुमा, बैरोरिसेप्टर रगतनलीमा, केमोरिसेप्टर आन्द्रामा, ओस्मो रिसेप्टर ब्रेनमा हुन्छ। त्यस्तै मसलस्पिन्डल मांसपेशीमा, गोल्जी टेन्डन आर्गन टेन्डनमा, पैसिनियन कर्पसल लिगामेन्टमा तथा फ्रीनर्भ इन्ड्रि फासा र जोर्नीमा हुन्छ। त्यस्तै प्रोप्रायोसेप्टरमा सेमिसर्कुलर कैनालका हेयर सेल्स, मैकुला र सैकुली कानको लैबिरिन्थाइन एपेरेटसमा हुन्छ । अस्तु !

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – भयचिन्ता |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### सूचना ! सूचना !! सूचना !!!

यस वीरगंज महानगरपालिका अन्तर्गत वीमनपा वडा नं. ६ माईस्थानदेखि उत्तर नेपाल दूरसञ्चार कम्पनीको कार्यालयसम्म सडकपेटी, २ र ३ नं रोड आसपासका सडकपेटीमा अव्यवस्थित तरकारी बजारले सर्वसाधारणहरूलाई आवतजावत गर्न असहज भएको भन्ने धेरै गुनासो आएकोले उक्त स्थानमा तरकारी, फलफूलगायत अन्य व्यवसाय गर्ने व्यापारीहरूले यही माघ २४ गतेभित्र आफ्नो व्यवसाय त्यहाँबाट हटाई गीतामन्दिर रोडको उत्तर, गीता मन्दिरको पूर्वपट्टि रहेको खाली जग्गामा आआफ्नो व्यापार/व्यवसाय सञ्चालन गर्नुहुन यो सूचना प्रकाशित गरिएको बेहोरा अनुरोध छ । अन्यथा उक्त अतिक्रमित बजार क्षेत्र हटाउन महानगरपालिका बाध्य हुने बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**वीरगंज महानगरपालिका**

Madhesh Province Government
Ministry Of Social Development
Social Development Unit,
Birgunj, Parsa

**Invitation for National Competitive Bid for the construction of Bench and Desk for School IFB No: SDU/NCB/WORKS/079/80/03**

Date of first Publication: 05 Feb 2023

1. Social Development Unit, Birgunj invites sealed bids from eligible bidders for the construction of Bench and Desk for School, under National Competitive Bidding procedures for all eligible Bidders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Social Development Unit, Birgunj, Parsa, Mobile No. 9851275128, Email: birgunjsdu@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the office Social Development Unit, Birgunj, Parsa, and the office Social Development Unit, Birgunj, Parsa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3000/- till 6 March, 2023, 05:00 PM.
   Name of the Bank: Rastriya Banijya Bank Limited
   Name of Office: Social Development Unit, Birgunj, Parsa
   Office Code no.: 3500922012
   Office Account no.: 1250100202030000
   Rajaswa (revenue) Shirshak no.: 14229
4. Pre-bid meeting shall be held on Friday, 24 February 2023 at 01:00 PM at Social Development Unit, Birgunj, Parsa
5. Sealed bids must be submitted to the office Social Development Unit, Birgunj, Parsa by hand/courier on or before 12:00 Noon on 7 March 2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on 7 March 2023 at the office of Social Development Unit, Birgunj, Parsa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 125000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 5 July 2023). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 1250100202030000 at Rastriya Banijya Bank, Birgunj, Parsa and submit the receipt of the deposited amount of cash along with the Sealed Bids document.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract No. | Description of works | Estimated Amount without VAT, NRs. | Bid Security Amount NRs. | Bid Fee, NRs. |
|---|---|---|---|---|---|
| 1 | SDU/NCB/WORK S/079/80/03 | Construction of Bench and Desk for School | 4233497.06 | 125000/- | 3000/- |


# विद्यार्थीहरूलाई भोजपुरी कला संस्कृतिको प्रशिक्षण

प्रस, वीरगंज, २० माघ/

नेपाल भोजपुरी समाजले वीरगंज महानगर–१४ पिपरास्थित नृसिंह माविमा भोजपुरी कला संस्कृतिबारे प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा सचिव राजेन्द्रसिंह राजपूतले विद्यार्थीहरूलाई प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा संस्थाका सल्लाहकार मनोजकुमार मिश्र, प्रधानाध्यापक विनोद मेहतालगायतको सहभागिता थियो ।


तस्वीरः सौजन्य

मधेसमा बजाइने डिजे, नराम्रा तथा दोहोरो अर्थ लाग्ने शब्दको गीतले समाजमा नकारात्मक असर परिरहेको सम्बन्धमा विद्यालयबाटै सचेतना अभियान सञ्चालन गरिएको सल्लाहकार मिश्रले बताए ।

समाजले सातामा यस प्रकारको सचेतना कार्यक्रम विद्यार्थीहरूलाई दिंदै आएको सचिव राजपूतले बताए ।

# महिलाहरूलाई १५ दिने कुशन तालीम

प्रस, वीरगंज, २० माघ/

नेपाल महिला कल्याण संस्थाले वीरगंज महानगर–१३ मा शुक्रवारदेखि महिलाहरूको लागि १५ दिने कुशन तालीम शुरू गरेको छ ।

वडाध्यक्ष हीरा गिरीले तालिमको उद्घाटन गर्दै वडाका महिलाहरूलाई स्वरोजगारी बनाउने उद्देश्यले १५ दिने कुशन तालीम आयोजना गरेको बताए ।

उनकै अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण संस्थाका सदस्य विपिन उपाध्यायले गरेका थिए ।

कार्यक्रममा वडा सदस्य कमरूद्दिन अन्सारी, जुबेदा खातुन, वडा सचिव रामचन्द्र पटवारीलगायतको सहभागिता थियो । तालीममा वडाका २५ जना महिलाहरूको सहभागिता छ ।



तस्वीरः प्रतीक

# निर्वाचनका लागि विनियोजितमध्ये रु तीन अर्ब फिर्ता हुने

काठमाडौं, २० माघ/रासस

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तोकिएको रकममध्ये करीब रु तीन अर्ब फिर्ता हुने बताएको छ ।

गत मङ्सिर ४ मा निर्वाचनको समीक्षाका क्रममा आज सञ्चारकर्मीसँग भएको छलफल कार्यक्रममा उनले निर्वाचनलाई मितव्ययी र पारदर्शी बनाउन आयोग विशेष सजग भएकोले तोकिएका सबै रकम खर्च नहुने भएको जनाए । उनले आसन्न राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन र राष्ट्रियसभा सदस्यको उपनिर्वाचनमा समेत खर्च गरेर बाँकी रकम फिर्ता गरिने बताए। नेपाल सरकारबाट उक्त निर्वाचनका लागि रु १० अर्ब विनियोजन भएकोमध्ये रु आठ अर्ब ४९ करोड ९९ लाख निकासा भएकोमा हालसम्म रु छ अर्ब ५० करोड ४६ लाख खर्च भएको आयोगले जनाएको छ । उनले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीमा सरकारी कर्मचारीका साथै निजी क्षेत्रका कर्मचारीलाई पायक पर्ने स्थानबाट मतदानको अधिकार दिलाउनेगरी अस्थायी मतदाता परिचयपत्र उपलब्ध गराउनेगरी कानून संशोधन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विद्युतीय मतदान प्रणाली लागू गराउने विषयलाई पनि कानूनमैं उल्लेख गर्न जोड दिंदै उनले बदर मतका प्रकृति र अवस्थाको अध्ययन गरेर आगामी दिनमा मतदाता शिक्षालाई प्रभावकारी बनाउनुपर्ने बताए ।

आगामी दिनमा सबै तहको निर्वाचनको मिति वा जनप्रतिनिधिको कार्यकाल कानूनमा स्पष्ट गराउन सकिएमा मिति निर्धारण गर्दा कुनै प्रश्न नउठ्ने उनको भनाइ छ । निर्वाचनमा उम्मेदवार हुनेले तोकिएको कानूनबमोजिम आफूसँग सम्बन्धित कागजात यथारूपमा छ भन्ने स्वघोषणासमेत गर्ने गरेको अवस्थामा निर्वाचन अधिकृतको

(बाँकी अन्तिम पातामा)

**स्वास्थ्य प्रयोगशाला ...**

लागि अवधि समाप्त हुनुभन्दा ६० दिनअगावै तोकिएबमोजिमको ढाँचामा निवेदन दिनुपर्ने प्रावधान छ। अनुमतिपत्र नवीकरण नभई अवधि समाप्त भएमा अनुमतिपत्र स्वतः रद्द हुने व्यवस्था छ।

**आचरणसम्बन्धी व्यवस्था**

आचरणसम्बन्धी व्यवस्था अन्तर्गत निर्देशिकाको दफा ६४ को (१) कुनै पनि प्रयोगशालाले बिरामीको प्रयोगशाला परीक्षण गरेबापत परीक्षणको लागि अनुरोध गर्ने चिकित्सक वा अस्पताल वा अन्य प्रयोगशालालाई कुनै शुल्क वा नाफा विभाजन वा अन्य कुनै पनि नाममा कुनै पनि शुल्क भुक्तानी गर्न पाइनेछैन । यो व्यवस्था अस्पतालमा आधारित प्रयोगशालाहरूमा समेत लागू हुनेछ। यस्तो व्यवस्थाले बिरामीलाई अत्यावश्यक नभएका परीक्षणसमेत गरी आर्थिक भार पार्ने कार्यलाई निरुत्साहित गर्नेछ। यस्तो कार्यमा संलग्न प्रयोगशालाहरूलाई प्रचलित कानूनबमोजिम कारबाईका साथसाथै सञ्चालन अनुमति खारेजी गर्न सकिनेछ। (२) प्रत्येक प्रयोगशालाले आफूले प्राप्त गरेको सञ्चालन अनुमति सर्वसाधारणले देख्नेगरी आफ्नो प्रयोगशालामा राख्नुपर्दछ । आफूले प्राप्त गरेको प्रयोगशालाको वर्गीकरण र दर्तासम्बन्धी विवरण प्रयोगशालाले बिरामीलाई उपलब्ध गराउने रिपोर्टको माथिल्लो भागमा प्रस्ट देखिनेगरी उल्लेख गर्नुपर्दछ । (३) प्रयोगशालाकर्मीहरूले प्रयोगशालासम्बन्धी कार्यसम्पादन गर्दा बढीमा दुईभन्दा धेरै संस्था/प्रयोगशाला (निजी अभ्याससहित)मा पूर्णकालीन आबद्ध भई कार्यसम्पादन गर्न पाइनेछैन। क्रमशः

**काशी, वाराणसी ...**

पहिले गङ्गास्नान गर्नुपर्छ। गङ्गा डुल्नतिर लाग्छौं । बाटो जहाँतहीं ब्लक । दुई किलोमिटर जानुपर्ने ठाउँका लागि साढे ११ किलोमिटर यात्रा गर्छौं टेम्पोमा। तर पनि फेरि हिंड्नुपर्छ पैदल आधा किलोमिटर । कारण के रहेछ भने बनारसमा आएका छन् उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ र साथमा छन् भारतीय जनता पार्टी (भाजपा)का अध्यक्ष जेपि नड्डा । अनि बनारसको सुरक्षा व्यवस्था अत्यन्त कडा ।

फर्किने बेला रिक्सामा चढ्दा जानाजान म अगाडि बस्छु। मलाई उल्टो दिशातिर बस्न अप्ठ्यारो हुन्छ । पहिले नै रिक्सामा सम्मुख भएर दुईदुईजना बसेपछि चालकसित टाँस्सिएर बस्नुको विकल्प हुँदैन। बस्छु र चालकसित कुरा शुरू गर्छु ।

संवाद हिन्दीमा छ। म हिन्दीमा बोल्दा पनि लवज बज्जिकाको बनाएको छु । उनी हिन्दीमा बोल्दा स्थानीय लवजमा बोलिरहेका छन् । कुरैकुरामा म भन्न पुग्छु – तपाईं बनारसको हुँदै होइन ।

"तपाईंलाई के चाहिन्छ ? भन्नुस् । म बनारसकै हुँ, लोकल बनारसको । यहीं जन्मेहुर्केको । तपाईंलाई बनारसको बारेमा के सोध्नुछ वा कस्तो जानकारी लिनु छ ? कहाँ जानु छ ?" स्वाभिमानमा अलिकति ठेस लागेर हो कि यायावरलाई बताउन चाहने उत्सुकता बढेर हो । गर्व र दर्प मिश्रित बोलीमा रिक्साचालक अगाडि रिक्सा बढाउँदै छेउमा बसेको मतिर छड्के दृष्टिले हेर्छन् ।

मेरो निशाना ठीक ठाउँमा लागेको छ। बाटो कटेको सार्थक भइरहेको छ। मैले सही मानिस भेटाएको छु भन्ने मनमा भएको छ । मैले सोधें– "एउटा रेल्वे स्टेशनको नाम बनारस, अर्कोको वाराणसी सिटी, यो शहरको नाम काशी। यो बनारस र वाराणसी कसरी के हो ?"

लोकल मानिसले त सही जवाफ दिन्छन् होला । तीस–पैंतीस वर्षका छन् चालक । रिक्सा उनको आफ्नै हो । उनी भन्न शुरू गर्छन् –"वरुणा र अस्सी मिलेर वाराणसी बनेको हो। गङ्गा नदीको अर्को नाम वरुणा हो । वरुणा नदीमा अर्को नदी मिसिएको छ, जसको नाम हो –अस्सी । वरुणा र अस्सी मिलेर वाराणसी भएको हो ।"

मैले पहिले सुनेको थिएँ कि बनारसमा गङ्गा किनारमा असीवटा घाट छन् । त्यहीं असी र वरुणा मिलेर वाराणसी भएको हो । वास्तवमा असी घाट मात्रै छ जस्तो लाग्दैन । कैयौं किलोमिटरको गङ्गालाई सम्पूर्णतः घाट नै बनाइएको छ। शहरको विस्तारसँगै घाटको विस्तार पनि हुँदै जानु स्वाभाविक हो। पहिलेदेखि त होइन, तर अहिले मनमा शङ्का उठ्छ कि जतिखेर यो बस्ती बस्यो, त्यति नै बेला असीवटा घाट त बनेन होला। अनि विशाल बस्ती बन्नुभन्दा पहिले नै बस्तीको नामकरण भएको हुनुपर्छ । यथार्थ कुनै एउटा होला तर अहिले जान्न पाएको कुरो पनि रोचक छ । वरुणा नदी र अस्सी नदीको सङ्गमस्थल नै वाराणसी हो ।

रिक्सा चालक हुन् घनश्याम । उनले थरसहित पूरा नाम बताएनन् । यसैले सोधें कि घनश्याम के ?

अलिकति झर्केर हो वा अलिकति गर्वको मात्रा बढाएर हो। उनले बताए – घनश्याम दास । घनश्याम दास केवट।

अनि जिज्ञासा बढ्यो । "गङ्गामा हजारौंले बोट खिआएका छन् । तपाईं केवट भएर पनि रिक्सा ?"

"बुवा यहीं गङ्गामा बोट चलाउनुहुन्थ्यो। मैले चाहिं चलाइनँ ।"

अनि फेरि जिज्ञासालाई मोडें बनारसतिरै। सोधें – "यदि यो वरुण र अस्सीको सङ्गमस्थल हो भने यसको नाम बनारस पनि किन ?"

# म्याद गुज्रिएका सामान बेच्ने पसलेको सामान जफत

प्रस, वीरगंज, २० माघ/

वीरगंज महानगरको बजार व्यवस्थापन तथा अनुगमन समितिले शुक्रवार केही पसलहरूको अनुगमन गरेको छ।

उपप्रमुख इम्तियाज आलमको नेतृत्वमा खटेको टोलीले शुक्रवार वीरगंज महानगर-१३ स्थित प्रितम एन्ड रचना किराना पसल र वीरगंज-८ गहवास्थित अविनाश जेनरल स्टोर्समा रहेका म्याद गुज्रिएका सामान जफत गरी नष्ट गरेको छ। म्याद गुज्रिएको सामान नष्ट गर्दै उपप्रमुख आलमले पसलेलाई नसिहत दिएर एकपटकको लागि छाडिएको बताए।

टोलीले दुवै पसलबाट म्याद गुज्रिएको पास्ता, पूजा घ्यु, जुस, गोल्डेन ओके, सोफी, कुरकुरे जफत गरी नष्ट गरेको छ।


तस्वीर: सौजन्य

यसैगरी टोलीले पसले नरेशराउत कुर्मी तथा अविनाशकुमार कानूलाई पसलमा मूल्यसूची राख्न, व्यवसायी प्रमाणपत्र राख्न, विनालेबलको सामान बिक्री वितरण नगर्न, स्पेयर सामानहरू बिक्री नगर्न आदेश दिएको छ।

टोलीमा कार्यपालिका सदस्य तथा बजार व्यवस्थापन तथा अनुगमन समितिका सदस्य कन्हैया ठाकुर, शाखा प्रमुख विपिनलाल दास, कर्मचारी नेहा मिश्रा, गुणस्तर तथा नाप तौल कार्यालयका प्रतिनिधि मनीष गुप्ता, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि ब्रह्मदेवप्रसाद यादव, जिल्ला प्रहरी कार्यालय पर्साका प्रतिनिधि मीनबहादुर रमौली, वीरगंज उद्योग वाणिज्य सङ्घका प्रतिनिधि मनोजकुमार दासको सहभागिता थियो।

# खेलकूदको संसार

## कटहरियालाई पराजित गर्दै गरुडा विजयी

प्रस, रौतहट, २० माघ/

दुर्गा भगवती गाउँपालिकाद्वारा आयोजित टि-२० नकआउट क्रिकेट टुर्नामेन्टको बिहीवार सम्पन्न फाइनल खेलमा गरुडा नगरपालिकाले कटहरिया नगरपालिकालाई ६९ रनको अन्तरले पराजित गरेको छ।




दुर्गा भगवती गापाको सरस्वती मावि पिपरा भलोहियामा सम्पन्न फाइनल खेलमा गरुडाले ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा ५ विकेटको क्षतिमा १५९ रन बनाएको थियो। प्रतिउत्तरमा कटहरियाले १० विकेट गुमाई ९० रन बनाएको थियो।

प्रतियोगितामा प्रथम भएको गरुडालाई नगद रु २५ हजार, द्वितीय भएको टीम कटहरियालाई रु १५ हजार नगद पुरस्कार प्रदेशसभा सदस्य समिर भट्टराई र नेकपा माओवादीका सत्यनारायण भगतले वितरण गरेका थिए।

प्रतियोगितामा १८ वटा पालिकाका टीम सहभागी भएको आयोजक समितिका सदस्य वेदानन्द ठाकुरले बताए।

समापन कार्यक्रममा नेपाल पत्रकार महासङ्घका मधेस प्रदेश सदस्य शैलेन्द्र झा, जिल्ला अध्यक्ष प्रेमचन्द्र झा, वरिष्ठ पत्रकार प्रभात झा, गौतम श्रेष्ठ, सञ्जय मिश्र, पुष्पराज यादव, राम एकबाल साहलगायत पत्रकारहरूलाई सम्मान गरिएको थियो।

कार्यक्रममा दुर्गाभगवतीका गापा अध्यक्ष शम्भु सिंह, प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश यादव, वडाध्यक्षहरू रामानन्द राय, डिके झा, धर्मेन्द्र चौधरीलगायतको सहभागिता थियो।

# राष्ट्रिय अनुसन्धानका उपनिर्देशकसँग वीउवासङ्घमा छलफल


तस्वीर: सौजन्य

प्रस, वीरगंज २० माघ/

राष्ट्रिय अनुसन्धान कार्यालय, पर्साका उपनिर्देशक हेमन्त चौधरीले आपराधिक गतिविधि र आर्थिक अनियमितता नियन्त्रण गर्ने बताएका छन्।

वीरगंज उद्योग वाणिज्य सङ्घले पर्सा जिल्लामा सरुवा भइआएका उपनिर्देशक चौधरीसँग भेटघाट कार्यक्रममा चौधरीले शान्ति सुव्यवस्था र सुशासन प्रवर्द्धन गर्ने कार्यमा समन्वय र सहकार्य गर्ने बताए।

वीउवासङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले आर्थिक क्रियाकलाप बढी हुने र खुला नाका भएकोले पर्सा जिल्लामा आपराधिक गतिविधि नियन्त्रण, शान्तिसुरक्षा व्यवस्थाको प्रबन्ध मिलाउन उपनिर्देशक चौधरीलाई आग्रह गरे।

कार्यक्रममा पूर्वअध्यक्ष अशोक बैद र प्रभात रूँगटाले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा उपाध्यक्ष हरि गौतमले सहभागीहरूलाई धन्यवाद ज्ञापन गरेका थिए भने उपाध्यक्ष माधवराज पाल, सचिव आशिष लाठ, कार्यसमिति सदस्य सुरेश रूंगटालगायतको उपस्थिति थियो।

# भालूको आक्रमणबाट लोग्नेस्वास्नी घाइते

प्रस, ठोरी, २० माघ/

भालूको आक्रमणबाट ठोरीमा लोग्ने स्वास्नी घाइते भएका छन्।

ठोरी गाउँपालिका-३ रामनगर जङ्गलमा घाँस काटेर फर्कने क्रममा स्थानीय सुकमाया तामाङलाई भालूले आक्रमण गरेको थियो।

पत्नीलाई भालूको आक्रमणबाट जोगाउन पति बिबिलाल लोप्चन भालूमाथि जाइलागेका थिए।

भालूको आक्रमणबाट सुकमाया गम्भीर घाइते भएकीछिन्। उनको अनुहारमा गम्भीर चोट लागेको छ। बिबिलाल भने सामान्य घाइते भएका छन्। घाइते दुवैलाई उपचारको लागि वीरगंजस्थित नारायणी अस्पताल पठाइएको छ।

### वर्तमान संविधान ...

जनताले जहिले पनि क्रान्तिमार्फत परिवर्तन ल्याएको बताए। परिवर्तन ल्याउने जनताको कहिल्यै हार नभएको बताउँदै आम जनताले आन्दोलन गरी ल्याएको लोकतन्त्र अहिले लुटतन्त्रमा परिणत भएको बताए।

पार्टीका जिल्ला अध्यक्ष धर्मेन्द्र पटेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वतन्त्र सांसदसमेत रहेका नेता साहले वर्तमान अवस्थामा किसानले किसान, मजदूर तथा आम नागरिकको अगाडि निकै समस्या भएको र केही मानिसले लुटतन्त्र मचाएको आरोप लगाएका थिए।

देशमा आम जनताको पक्षमा काम गर्ने दल तथा नेताको अभाव रहेको अवस्थामा आम जनताको समस्यालाई सम्बोधन गर्न दल गठन गरेको उनले बताएका छन्।

विगतमा पनि जनताले साथ दिएको बताउँदै नेता साहले अब जनताको दल निर्माण भइरहेकोले आम जनताले नै अगाडि बढेर साथ दिने स्पष्ट पारेका छन्। आम जनताको पार्टी निर्माण अहिलेको आवश्यकता रहेकोले सबै नागरिक गोलबन्द हुनुपर्ने विचार साहले राखेका छन्।

अहिलेको संवैधानिक व्यवस्थाले गर्दा कुनै पनि दलको बहुमत नआउने र देशमा सधैं अस्थिरता रहने बताउँदै नेता साहले देशमा दलको शासन बनेको आम जनताको शासन आउन नसकेको आरोप लगाएका छन्।

जिल्ला भेलामा आजपा नेता त्रिभुवन साहले आम किसान मोर्चा, विद्यार्थी मोर्चा, मजदूर मोर्चा, शिक्षक मोर्चा, महिला तथा मुस्लिम मोर्चाको जिल्ला समिति घोषणा गरेका छन्।

आजपाको आम महिला मोर्चा हीरा खपांगीको अध्यक्षतामा घोषणा गरिएको छ। यसैगरी बालाशङ्कर कुशवाहाको अध्यक्षतामा आम आइटी आर्मी, ठागा दासको अध्यक्षतामा आम दलित मोर्चा, रामकृत साहको अध्यक्षतामा आम मजदूर मोर्चा, सञ्जय साहको अध्यक्षतामा आम शिक्षक मोर्चा, शोभा पाण्डेको अध्यक्षतामा आम विद्यार्थी मोर्चा, भगल यादवको अध्यक्षतामा आम किसान मोर्चा तथा शेख कलिमुल्लाहको अध्यक्षतामा आम मुस्लिम मोर्चाको जिल्ला समिति गठन गरिएको घोषणा भएको छ।

यसैगरी आम जनता पार्टीको रौतहट जिल्ला समितिको घोषणा गरिएको छ। जिल्ला समितिको अध्यक्ष धर्मेन्द्र पटेल, उपाध्यक्ष सुभद्रादेवी र वीरेन्द्र यादव, सचिव पलट चौधरी, सहसचिव अनिल झा, अशोक साह र शेख जमालुद्दीन रहेको बताइएको छ।

# पर्सागढी नगरपालिकामा सिसिटिभी जडान

बलिराम शुक्ला, बिरुवागुठी २० माघ/

पर्सागढी नगरपालिकाको मुख्य बजार पकडिया बडनिहार बजार क्षेत्रमा १० थान सिसि क्यामरा जडान गरिएको छ।

पर्सागढी नगरपालिकाको सुरक्षात्मक योजना अन्तर्गत बजारका केही क्षेत्रमा १० थान सिसि क्यामरा जडान गरिएको हो।

बजारमा बैक, वित्तीय संस्थाहरू रहेको तथा हाट बजारबाट मोटरसाइकल, साइकल, मोबाइल, गरगहनाहरू चोरी हुने गरेकोले सुरक्षाको दृष्टिकोणले सिसीटिभी क्यामराको मनिटर प्रहरी चौकी बडनिहारमा रहनेगरी दश स्थानमा सिसी क्यामरा जडान गरिएको नगर प्रमुख गोकर्ण पाठकले बताएका छन्।

उनले नगरपालिकाको हाटबजार, चोकहरूमा क्रमैसँग सिसिटिभी क्यामरा विस्तार गर्दै लैजाने बताए।


तस्वीर: प्रतीक

### जरायो प्रकरण ...

२७ बमोजिम सजाय तोकिएको छ।

यो घटनामा निकुञ्जले ३४ जना फरार रहेको र उनीहरूको हकमा पहिचान खुली पक्राउ परेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम सजाय हुने सूचना अधिकारी खड्काले बताए।

घटनास्थलबाट बरामद भएका सवारी, छ थान मोबाइल, रु दुई लाख ९६ हजार ६३० नेपाली र एक हजार २०० भारतीय मुद्रा, बन्दुकलगायत अन्य बन्दोबस्तीका सामग्रीहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ बमोजिम जफत गर्ने निर्णय भएको उनले बताए।

वाग्मती प्रदेशसभा सदस्य श्यामबहादुर खड्काको हकमा भने उनको नाममा दर्ता रहेको हतियार अन्य व्यक्तिलाई प्रयोग गर्न दिएको र उक्त हतियारबाट वन्यजन्तु शिकार गरेको देखिएकोले खड्कालाई हातहतियार खरखजाना ऐन, २०२९ बमोजिम थप कारबाईका लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा पठाइएको सूचना अधिकारी खड्काले विज्ञप्तिमार्फत जानकारी गराएका छन्।

यस घटनाका प्रतिवादीहरूले स्वदेश र विदेशका विभिन्न स्थानमा समूह बनाइ आधुनिक हतियारसमेतको प्रयोग गरी संरक्षित वन्यजन्तुको शिकार गरी तिनका आखेटोपारहरू अन्तर्राष्ट्रियरूपमा ओसारपोसार गर्ने गरेको प्रमाणको आधारमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम थप अनुसन्धान गर्ने निर्णय भएको सूचना अधिकारी खड्काले बताएका छन्।

यसै घटनाका प्रतिवादीमध्ये केहीको अस्वाभाविकरूपमा वित्तीय कारोबार भएको खुलेको र उनीहरूविरुद्ध सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम थप अनुसन्धान हुनका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा समेत लेखी पठाइएको सूचना अधिकारी खड्काले बताए।

गत पुस ४ गते बेलुकी निकुञ्जको सुरक्षामा खटिएको नेपाली सेना र शिकारी टोलीबीच अकुवनियास्थित जङ्गलमा भिडन्त भएको थियो। सेनाले शिकारीको गाडीको चक्कामा गोली हानेर पाँचजनालाई तत्काल पक्राउ गरेको थियो। सो घटनामा केही व्यक्ति भागेका थिए। भोलिपल्ट बिहान सेना र निकुञ्जको टोलीले प्रदेशसभा सदस्य प्रमोद जयसवालको फार्महाउसमा छापा मारेर शिकारमा प्रयोग हुने सामग्री बरामद गरेको थियो। सेना र निकुञ्जले पाँचजना व्यक्ति, दुईवटा गाडी, शिकार खेल्न प्रयोग हुने सामग्री, शिकार गरी मारेका जरायोको मृत शरीर र चित्तलको टाउको, गोलीगठ्ठा, नाइटभिजन बाइनाकुलरलगायत शिकारमा प्रयोग हुने सामग्री बरामद गरेको थियो। सो शिकारमा जयसवाल इन्टरप्राइजेजको नाममा रहेको प्र २-०२-०३-००१ च ३०९० नम्बरको गाडी प्रयोग भएको थियो।

संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई रु एक लाखदेखि पाँच लाखसम्म जरिवाना वा एक वर्षदेखि १० वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था रहेको सूचना अधिकारी खड्काले जानकारी दिएका छन्।

### निर्वाचनको.........

कार्यालयले उम्मेदवारको अयोग्यता ठहर गर्न नसक्ने र पछि अदालतमा प्रश्न उठेपछि फैसलाबमोजिम सबैले मान्नुपर्ने उल्लेख गरे। आयोगका सचिव गोकर्णमणि दुवाडीले राज्यको चौथो अङ्गका रूपमा सञ्चार क्षेत्रले निर्वाचन सफल बनाउन उल्लेखनीय भूमिका निर्वाह गरेको र आगामी दिनमा आवश्यक सुधारका लागि सुझाव दिन आग्रह गरेका थिए।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचन कानून र आचारसंहिताको पालना तथा निर्वाचन व्यवस्थापनमा केही नयाँ अभ्यास र प्रयोग गरेको बताए।




### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | सामुदायिक सेवा केन्द्र | रक्तदान | मीनाबजार | ८:०० |
| २. | युनिभर्सल युथ क्लब, | रक्तदान | मनहर्वा, बारा | ८:०० |
| ३. | सिर्जनात्मक फाउन्डेशन स.ने | रक्तदान | जीराभवानी, सुपौली | ८:०० |

**सार्वजनिक यातायातलाई व्यवस्थित गरौं।**

- सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्री, चालक र सहचालकले एकापसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानिनोक्सानी नपुर्‍याऔं।
- सवारीसाधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
- सार्वजनिक यातायात सञ्चालनको समयतालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
- तोकिएको स्थानमा मात्र यात्री उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रीलाई नै प्राथमिकता दिऔं।
- ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड